श्री

# काठमाडौं जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री प्रेमप्रसाद न्यौपाने

## थुनछेक आदेश

मुद्दा नं:-०७९-CI-२२७१

दायरी मितिः-२०८०।२।१०

गजेन्द्र बुढाथोकीसमेतको जाहेरीले नेपाल सरकार.........................................१ वादी

विरुद्ध

दुर्घिराम दुलालको नाति नारायणप्रसाद दुलालको छोरा ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका वडा नं. २३ धापाखेल मा डेरा गरी बस्ने केशवप्रसाद दुलालसमेत.......................१ प्रतिवादी

मुद्दाः-ठगी, लिखत कीर्ते, राज्य विरुद्ध र सँगठित अपराध सम्वन्धी।

अभियोगपत्र साथ उपस्थित प्रतिवादीहरु केशवप्रसाद दुलाल, सागर राई, सानु भण्डारी, सन्देश शर्मा, टंककुमार गुरुङ, डा. इन्द्रजित राई, टोपबहादुर रायमाझी, सन्दिप रायमाझी, टेकनारायण पाण्डे, नरेन्द्र के.सी., विक्रम भन्ने नरेन्द्रकुमार चौधरी, रामशरण के. सी., बालकृष्ण खाँण, आङटावा शेर्पा, शमशेर मियाँ, टेकनाथ रिजाल, पक्राउ परी आएकी लक्ष्मी महर्जन र निवेदनसाथ हाजिर हुन आएका हरिभक्त महर्जनको बयान सम्पन्न भई थुनछेक प्रयोजनार्थ पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारकातर्फबाट उपस्थित विद्वान् सह न्यायाधिवक्ता श्री अच्युतमणि न्यौपाने, जिल्ला न्यायाधिवक्ताहरु श्री महेशप्रसाद खत्री, लक्ष्मण उपाध्याय घिमिरे, श्री जनकप्रसाद घिमिरे, श्री सिताराम अर्याल, विद्वान् सहायक जिल्ला न्यायाधिवक्ताहरु श्री दिनेश भट्टराई, श्री सुरबहादुर परियार, श्री प्रकाश घिमिरे, श्री निर्मला मरासिनी र श्री हिरालाल भोलनले तथा जाहेरवालाहरुकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री ध्रुवलाल श्रेष्ठ, विद्वान् अधिवक्ताहरु श्री भद्रप्रसाद नेपाल (स्वागत नेपाल), श्री हरिप्रसाद कट्टेल, श्री शुशिलकुमार शर्मा सापकोटा, श्री दिपकराज रेग्मी र श्री राधिका चम्लागाईले प्रतिवादीहरुले नेपाली नागरिकहरुलाई नक्ली भुटानी शरणार्थी बनाई जाहेरवालाहरुबाट जम्मा रु. २८,८१,७४,५००। रकम लिई निजहरुलाई अमेरिका नपठाई झुक्याई ठगी गरेको, बालकृष्ण पन्थी कार्यदलले पेश गरेको

प्रतिवेदनको समानान्तर हुने अर्को झुट्टा सरकारी प्रतिवेदन बनाई लिखत कीर्ते गरेको, राज्यको इज्जत र प्रतिष्ठामा आँच आउने गरी राज्य विरुद्धको कसूर गरेको र प्रतिवादीहरूले नेपाली नागरिकहरुलाई नक्कली भुटानी शरणार्थी बनाई तहगत रुपमा संगठित कसूरको कार्य गरेको मिसिल सम्लग्न प्रमाणहरुबाट पुष्टि भएकोले प्रतिवादीहरुलाई हाल थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाऊँ भन्ने र प्रतिवादी केशवप्रसाद दुलालकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री योगेन्द्रबहादुर अधिकारी, विद्वान् अधिवक्ताहरु श्री विश्वास आचार्य, श्री विकाश थापा, श्री नरबहादुर योगी, श्री विकाश भट्टराई र श्री राजन भट्टराईले, प्रतिवादी सन्देश शर्माकातर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री मंगल महर्जन, श्री नगेन्द्र चन्द, श्री गोपालराज आचार्य, श्री सुशिला कार्की र श्री युज्ञ खतिवडाले, प्रतिवादी टंककुमार गुरुङकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री नृसिंहकुमार खत्री, श्री शरदप्रसाद कोइराला, श्री रमणकुमार श्रेष्ठ, श्री शिवप्रसाद रिजाल, विद्वान् अधिवक्ताहरु श्री चुडामणि पोखरेल र श्री विनोद शर्माले, प्रतिवादी सानु भण्डारीकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री रमणकुमार श्रेष्ठ, श्री शिवप्रसाद रिजाल, श्री शरदप्रसाद कोइराला, विद्वान् अधिवक्ताहरु श्री शालिकराम सापकोटा, श्री चुडामणि पोखरेल, श्री खडानन्द कडेल र श्री विनोद शर्माले, प्रतिवादी टोपबहादुर रायमाझीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री सुशिलकुमार पन्त, श्री रमेश बडाल, श्री ज्ञानेश्वर पराजुली, विद्वान् अधिवक्ताहरु श्री पर्शुराम कोइराला, श्री धर्मराज रेग्मी, श्री आकृति रायमाझी, श्री करुणाकर मल्लिक, श्री सुधिग्य पन्त र श्री पुष्पराज पौडेलले, प्रतिवादी डा. इन्द्रजित राईकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण ढकाल, विद्वान् अधिवक्ताहरु श्री प्रकाश के. सी., श्री दिलकुमारी राई र श्री कुमार अधिकारीले, प्रतिवादी सागर राईकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री विनोद कार्की, विद्वान् अधिवक्ताहरु श्री इन्द्रप्रकाश पोखरेल, श्री सन्तोषप्रसाद भट्ट र श्री प्रकाश पौडेलले, प्रतिवादी सन्दिप रायमाझीकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री इश्वरीप्रसाद भट्टराई, विद्वान् अधिवक्ताहरु डा. श्री अवतार न्यौपाने, श्री बाबुराम दाहाल र श्री प्रविण सुवेदीले, प्रतिवादी टेकनारायण पाण्डेकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री रमणकुमार श्रेष्ठ, श्री शरदप्रसाद कोइराला, विद्वान् अधिवक्ताहरु डा. श्री गणेश रेग्मी, श्री राम घिमिरे र श्री जगतप्रसाद ओलीले, प्रतिवादी नरेन्द्र के. सी. कातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता देवेन्द्रबहादुर थापा, विद्वान् अधिवक्ताहरु श्री केशरमणि अर्याल, श्री लक्ष्मी थापा खड्का, श्री चिरञ्जिवी उपाध्याय, श्री पुरुषोत्तम अर्याल, श्री देवबहादुर महत र श्री दामोदर अधिकारीले, प्रतिवादी विक्रम भन्ने गोविन्दकुमार चौधरीकातर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामकुमार सुब्बाले, प्रतिवादी रामशरण के. सी. का तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपाने, विद्वान् अधिवक्ताहरु श्री केदार गुरुगाई र श्री अरुणकुमार ज्ञवालीले, प्रतिवादी बालकृष्ण खाँणकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री प्रेमबहादुर खड्का, श्री महादेवप्रसाद यादव, श्री हरिहर दाहाल, श्री नृसिंहकुमार खत्री, श्री शेरबहादुर के. सी., श्री रमणकुमार श्रेष्ठ, श्री गोपालकृष्ण घिमिरे,

श्री सुरेन्द्रकुमार महतो, श्री सम्भबहादुर खाँती, विद्वान् अधिवक्ताहरु श्री पंकजकुमार कर्ण, श्री अजयशंकर झा, श्री एकराज पोखरेल, श्री लक्ष्मी थापा खड्का, श्री मनिराम उपाध्याय र श्री ललितबहादुर बस्नेतले, प्रतिवादी शमसेर मिर्गाकातर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री ऋषिराम घिमिरे, श्री रविन्द्र भट्टराई र श्री मन्दिरा अधिकारीले, प्रतिवादी आङटावा शेर्पाकातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री शरदप्रसाद कोइराला, श्री योगेन्द्रबहादुर अधिकारी, विद्वान् अधिवक्ता श्री मनिराम उपाध्यायले, प्रतिवादी टेकनाथ रिजालकातर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री राजकुमार सुवाल, श्री शम्शेर कडरिगा, डा. श्री राजेन्द्र घिमिरे, श्री अनिलकुमार लाल, श्री डोरविक्रम थापा, श्री प्रतिभा भट्टराई, श्री प्रकाश बस्नेत, श्री शान्ता थापा, श्री राजेन्द्र पोखरेल, श्री पुरुषोत्तम अर्याल, श्री सन्तोष भण्डारी र श्री रौनिकराज अर्यालले, प्रतिवादीहरु हरिभक्त महर्जन र लक्ष्मी महर्जनकातर्फबाट उपस्थित विद्वान् अधिवक्ता द्वय श्री प्रकाश महर्जन र श्री उमेशप्रसाद अधिकारीले प्रतिवादीहरुले अदालतमा बयान गर्दा कुनै पनि जाहेरवालाहरुलाई हामी चिन्दैनौं, आरोपित कसूर हामीले गरेको होइन भनी आरोपित अभियोग दावीमा इन्कारी बयान गरेका छन्। लिखत सम्बन्धी कसूर, राज्य विरुद्धको कसूर र संगठित अपराधमा कुनै प्रतिवादीहरु उपर जाहेरी नै परेको छैन, जाहेरी नै नपरेका प्रतिवादीहरुलाई दोषी मान्न र ठहर गर्न मिल्दैन। जाहेरवालाहरुबाट यी प्रतिवादीहरुले कुनै रकम लिए खाएको मिसिल सम्लग्न प्रमाणबाट देखिंदैन र प्रतिवादीहरुबाट रकम बरामद भएको पनि छैन। प्रतिवादीहरुले के कस्तो कार्य गरी संगठित अपराध र राज्य विरुद्धको कसूर गरेका हुन् सो तथ्य मिसिल प्रमाणबाट पुष्टि भएको छैन। प्रतिवादीहरु उपरको अभियोग दावी झुठा भएकोले निजहरुलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गरी पाँउ भनी गर्नु भएको बहससमेत सुनियो।

प्रतिवादीहरु सन्देश शर्मा, केशवप्रसाद दुलाल, सानु भण्डारीसमेतले नेपाली जाहेरवालाहरुलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिन्छौं, हामीले उच्च अधिकारी चिनेका छौं, प्रधानमन्त्रीसँगसमेत कुरा गरिसकेकोले यस्तो अफर पुनःआउँदैन, मौकाको फाइदा लिनु होस् भनी विश्वास दिलाई WhatsApp मा सन्देश शर्माले श्रम मन्त्रालय, गृह मन्त्रालय र नेपाल सरकारका विभिन्न निकायहरुबाट भुटानी शरणार्थीहरुका सम्बन्धमा भएका निर्णय र सोसँग सम्बन्धित समाचारका फोटो पठाई जाहेरवालाहरुबाट जम्मा रु. २८,८१,७४,५०७। रकम लिई अमेरिका नपठाई, रकमसमेत फिर्ता नगरी ठगी गरेकोले प्रतिवादीहरुलाई कानूनबमोजिम कारवाही गरी पाँउ भन्ने प्रतिवादीहरु उपर गजेन्द्र बुढाथोकीसमेतका जाहेरीका आधारमा अनुसन्धान भई सङ्कलित सबुद प्रमाणहरुका आधारमा प्रतिवादीहरु टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, डा. इन्द्रजित राई, टेकनारायण पाण्डे, केशवप्रसाद दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण के. सी., शमशेर मिर्गा, टंककुमार गुरुङ, सागर राई, सन्दिप रायमाझी, नरेन्द्र के. सी., विक्रम भन्ने गोविन्द चौधरी, आङटावा शेर्पा, टेकनाथ रिजाल, लक्ष्मी महर्जन र हरिभक्त महर्जनसमेतले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) बमोजिमको कसूर गरेकोले

निजहरूलाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय हुन, निजहरूले सरकारी प्रतिवेदन सच्याई सरकारी लिखत कीर्ते गरी सोही संहिताको दफा २७६ को उपदफा (१) र (२) बमोजिमको कसूर गरेकोले निजहरूलाई सोही दफाको उपदफा (३) को देहाय (ग) बमोजिम सजाय हुन, श्री सबै प्रतिवादीहरूले राज्य विरुद्धको अपराध गरेकोले निजहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ५१ को उपदफा (१) र (२) को कसूरमा निजहरूलाई सोही दफाको उपदफा (४) को खण्ड (क) बमोजिम सजाय हुन, प्रतिवादीहरु मध्येका टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, डा. इन्दजित राई, टेकनारायण पाण्डे, टेकनाथ रिजाल र शमशेर मियाँले सार्वजनिक पदमा रही राज्य विरुद्धको क़सूर अपराध गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ५१ को उपदफा (१) र (२) को खण्ड (क) बमोजिमको कसूर गरेकोले निजहरूलाई ऐ. संहिताको दफा ५१ को उपदफा (७) बमोजिम थप सजाय हुन, प्रतिवादीहरु केशवप्रसाद दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण के. सी., टंककुमार गुरुङ, सागर राई, सन्दिप रायमाझी, नरेन्द्र के. सी., विक्रम भन्ने गोविन्द चौधरी, आङटावा शेर्पा, प्रतिक थापा, केशव तुलाधर, लक्ष्मी महर्जन र हरिभक्त महर्जनसमेतले मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (१) बमोजिमको एकीकृत कसूर गरेकोले निजहरुलाई सोही संहिताको दफा ४३ को उपदफा (२) बमोजिम सजाय हुन र सबै प्रतिवादीहरुले सँगठित भई सँगठित कसूर गरेकोले निजहरुलाई सँगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तथा दफा ५ बमोजिमको क़सूरमा सोही ऐनको दफा ९ को खण्ड (क) र (ग) बमोजिम सजाय गरी बरामद मोबाइलहरु, आई प्याड, इम्बोस नं BAB १४०५ को गाडी, बा. ४ च ९२३० नं. को गाडीसमेत सोही ऐनको दफा ५१ बमोजिम जफत गरी पाँउ भन्नेसमेत प्रतिवादीहरु उपरको अभियोग दावी रहेको पाइन्छ।

**प्रतिवादीहरुको बयानः**

१. प्रतिवादी टंककुमार गुरुङ

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** जाहेरीमा उल्लेखित विषयमा मलाई केही थाहा छैन। सन्तोष शर्मा, विवेक थापा, प्रदिप अर्याल र धनबहादुर भण्डारीसमेतसँग चिनजान र सम्पर्क छैन। मैले जाहेरवालाहरुलाई अमेरिका पठाई दिन्छु भनी रकम लिएको छैन, चेक कुन विषयमा दिएका हुन्, के लेनदेन हो थाहा छैन। सबै व्यहोरा सन्देश शर्मालाई थाहा होला।

**अदालतमा गरेको बयानः** मेरो रेस्टुरेन्टमा विभिन्न मानिसहरु आउने, कार्यक्रम गर्ने गर्दथे। प्रतिवादी केशवप्रसाद दुलालको म घरबेटी भएको र दुलाल मेरो रेस्टुरेन्टमा पनि जाने हुँदा मेरा विरुद्धमा जाहेरी दिएको हुनु पर्छ। गजेन्द्र बुढाथोकी र रामकुमार रेग्मीसमेतका जाहेरवालाहरुलाई मैले चिनेको छैन। किन जाहेरी दिएका हुन्, मलाई थाहा भएन। आरोपमा मेरो कुनै कतै सम्लग्नता छैन। म गाडी चलाउँन जान्दिन।

२. प्रतिवादी सागर राई

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान:** जाहेरवाला गोकुल बहादुर खड्काबाट [illegible] रु. २,००,०००। (दुई लाख) र जाहेरवाला रोशन बोगटीको आमाको [illegible] खाता नं. ००१०३१००३०२८६०३००००४ को चेकमार्फत रु. २२,००,०००। (बाइस लाख) लिएको हुँ। जाहेरवालाहरूसँग घर जग्गा खरिद गर्ने र व्यवसाय चलाउन लिएको हो। व्यवसायमा मन्दी र कोरोनाको कारणले समयमा फिर्ता गर्न नसकेकाले जाहेरी दिएको होला।

**अदालतमा गरेको बयान:** म जग्गाको कारोबार गर्ने र पुरानो गाडी किनबेच गर्ने व्यक्ति भएकोले विभिन्न व्यक्तिहरूसँग रकम लिने गर्दथें। जाहेरवालाहरू मध्ये रोशन कार्कीबाट मलाई दिनु भएको ६ कि ८ लाख, मेरो साढु दाई मोहनराज राईको खातामा जम्मा गर्नु भएको र उक्त रकम मैले लिएको हो। त्यस्तै जाहेरवाला कुमार खड्कासँग रु. ११ लाख रकम लिएको छु। त्यसैगरी सुरज गिरीसँग ६ वा ८ लाख लिएको हो। जाहेरवाला रोशन खड्कासँग २२ लाख रकम लिएको छु। जाहेरवाला रोशन शिवाकोटीसँग १५ लाख रकम लिएको छु। त्यस्तै जाहेरवाला समिर शिवाकोटीसँग ८ लाख पचास हजार रकम लिएको छु। जाहेरवाला दिलिप गौतमसँग रु. २२ लाख सापटी लिएको थिएँ। उल्लेखित जाहेरवालाहरूसँग मैले जग्गाको लागि ऋण रकम लिएको हो। जाहेरवालाहरूको उजुरीमा भने जस्तो नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिन रकम लिएको होइन। नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने विषयमा मलाई केही थाहा छैन, भन्नुभएको छ।

३. प्रतिवादी सानु भण्डारी

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान:** मबाट डा. इन्द्रजित राईसमेतले रकम लिई काम नगरेकोले म आफै पीडित छु। रोशन खनालबाट मार्फत रकम रु. २८,००,०००। (अठ्ठाइस लाख) लिएको रकम ब्याजसहित फिर्ता गरेको छु। केशवप्रसाद दुलाल र सन्देश शर्माका बीच लेनदेन कारोबार भएको हो। मैले मिति २०७६।३।२ गते मिरज राई र इन्द्रजित राईलाई रु. १,५०,००,०००। (एक करोड पचास लाख) होटलमा भेटी दिएको छु। २०७६ साल श्रावणमा डा. इन्द्रजित राईले घर किन्न लागेकोले रु. १,००,००,०००। (एक करोड) दिएको छु। २०७६ साल भाद्र १० गते डा. इन्द्रजित राईले भने अनुसार सचिवको गाडीमा रु. १,००,००,०००। (एक करोड) राखी दिएको हुँ। मलाई प्रेमकुमार राईको कार्यकक्षमा बोलाई अब काम हुन्छ, तपाई जानु भनेका थिए। मिति २०७६।३।२८ गते भाटभटेनीमा रहेको सेल्सबेरी सुपर मार्केट पछाडि रहेको मिरजको घरमा नगद रु. १,६०,००,०००। (एक करोड साठी लाख) र अन्य बाँकी रकम रु. ४०,००,०००। (चालिस लाख) सन्देश शर्मालाई चेकबाट भुक्तानी पाउने गरी चेक काटी दिएको हुँ। चेकको फोटोकपी पेस गर्ने छु। प्रहरीले बरामद गरेको डायरी मेरो हिसाब किताब गर्ने डायरी हो, सो सनाखत गरी दिएँ। डायरीको पाना

सातदोबाटोमा रहेको घरमा रकम पाए नपाएको थिएन भौदा रकम पाइ सकेको जानकारी गराएका हुन्। २०१६ नबिल बैंक लेखिएको बरामद डायरीमा मिति २०७३।१।५ लेखिएको पानामा शरणार्थीका लागि उठाएको रकम भनी मिति २०७६।२।२९ गतेदेखि २०७६।३।२७ गते सम्मको रकम देखे, रकम मेरै हो। डा. इन्द्रजित राईले मलाई र मेरो आफन्तलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिन्छु भनी मैले इन्द्रजितलाई बुझाएको रकम सानु भण्डारीले लेखेका हुन्। मोबाइलमा रहेको viber Account Keshab+9863591446 बाट Sir Refusee Card Holder ko matra lagat liyeko xare CA, new entry entery & non entery ko lagat liyeko xana re sabaiko garne hoena r hajur, sir Bikranta Basnet name gare ko manche la hajurko name liyera Bhutanese Refuseeko 70, 80 janako card and travel Document banauxu vanera hidiraheko xare hajur भन्ने म्यासेज मैले लेखी गृह सचिव टेकनारायण पाण्डेलाई दिएको हो। गृह सचिव टेकनारायण पाण्डेले अमेरिका नलगेपछि निजको मोबाइल नं ९८६००५२१०० मा म्यासेज पठाएको हो। प्रतिक थापाले २०७६ साल असारमा रु. १,००,००,०००। (एक करोड) बुझी लिएका हुन्। के. पी. ओलीका स्वकीय सचिव राजेश बज्राचार्यले टोपबहादुर रायमाझीका स्वकीय सचिवमार्फत रकम बुझेका छन्।

**अदालतमा गरेको बयानः** टंककुमार गुरुङ मेरा घरबेटी हुन्। मेरो उनीसँग लेनदेन छैन। प्रतिक थापाले म र मेरो आफन्तलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिन्छु भनी नक्साल स्थित थकाली भान्सा घरमा बोलाई पच्चीस लाख नगदै लिएका हुन्। हामी ठगीएको कुरा थाहा पाई पैसा फिर्ता माग्दा उल्टै डर, धाक, धम्की दिई पैसा हालसम्म फिर्ता गरेको छैन। सहप्रतिवादी विक्रम भन्ने गोविन्द चौधरीसँग मेरो कुनै चिनजान र सम्पर्क छैन। मैले नेपालीलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाउन रकम लिई ठगी गरेको छैन। रोशन खरेलबाट मेरी श्रीमतीका खातामा आएको रकम घर जग्गा कारोबारका लागि लिएको हो। उक्त रकम निजको नाममा दाखिला गरेको छु।

५. प्रतिवादी डा. इन्द्रजित राई

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** प्रतिवादीहरु सानु भण्डारी र केशवप्रसाद दुलाल म सँग आउँनु भएको थियो। सानु भण्डारीसँग फोनमा कुरा हुन्थ्यो। रामबहादुर थापा गृह मन्त्री हुँदा निजको म प्रमुख सल्लाहकारका रुपमा कार्यरत थिए। सेवा सुविधा राज्यबाट पाएको छु। मेरा विरुद्धका सम्पूर्ण आरोपहरु झुठा हुन्। आरोप प्रमाणित भए सजाय भोग्न तयार छु। मेरो घर मेरी श्रीमती भुवन के.सी. ले विगत दुई वर्ष अगाडि खरीद गरेकी हुन्। जहाँसम्म रु. १,५०,००,०००। (एक करोड पचास लाख) र रु. २,००,००,०००। (दुई करोड) गरी जम्मा रु. ३,५०,००,०००। (तीन करोड पचास लाख) को सवाल छ, बैंक बुझी पाँउ। गृह मन्त्रालयमा सल्लाहकारको पदमा रहँदा दिनमा सयौं मानिसको फोन आउने भएकोले को को सँग फोन भयो थाहा भएन। सानु भण्डारीसँग फोनमा कुरा भएको हुन सक्छ।



CamScanner

अदालतमा गरेको बयानः मैले जाहेरीमा उल्लेखित कुनै पनि कार्य गरेको छैन। मेरो पद सुरक्षा सल्लाहकारको भएको, कार्यकारिणी अधिकार नभएकोले मैले कुनै काममा सहयोग गर्ने प्रश्नै उठ्दैन। म सुरक्षा सल्लाहकार भएको समयमा नक्कली भुटानी शरणार्थी सम्बन्धमा कुनै जानकारी मलाई थिएन। केसूर सम्बन्धमा तत्कालीन गृह मन्त्री तथा तत्कालीन गृह सचिव द्वयलाई यस विषयमा जानकारी हुन सक्छ तर म सल्लाकार भएको कारणले मलाई यस विषयमा केही जानकारी थिएन। मौकामा गरेको बयान ठीक हो।

३. प्रतिवादी टेकनारायण पाण्डे

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** प्रतिवादी केशवप्रसाद दुलालले मन्त्री ज्यूसँग भेट गर्न चाहेकोले मैले सचिवालयमार्फत भेट गर्नु भनेको हो। केशव दुलालको र मन्त्री ज्यूसँग सिधै कुराकानी भएकोले रकम सिधै मन्त्री ज्यूलाई दिए वा सचिवालयमार्फत कसलाई दिईयो। मन्त्री ज्यू भनेको बालकृष्ण खाँण हुन्। बालकृष्ण पन्थीको संयोजकत्वमा गठन भएको कार्यदलले तयार पारेको प्रतिवेदनमा UNHCR समेतसँग छलफल भएको थियो। यसमा मन्त्री ज्यूलाई गिफ्ट आएको थियो, गिफ्ट के थियो थाहा भएन। सो प्रतिवेदनको अफिस कपी तयार गर्ने क्रममा मलाई गुमराहमा राखी दोस्रो प्रतिवेदनमा हस्ताक्षर गराउने कार्यबाट अर्थको पैदा भएको छ। मन्त्रिपरिषदमा पेश भएको प्रतिवेदन नै आधिकारिक प्रतिवेदन हो। मन्त्रिपरिषदमा पेश हुने र समितिको प्रतिवेदन चेक जाँच गरी हस्ताक्षर गरी सकेपछि दोस्रो प्रति सोही अनुरुप हुन्छ भन्ने विश्वास गरिन्छ। पहिलो प्रति चेक जाँच गरेपछि दोस्रो प्रति चेक जाँच गर्न सम्भव थिएन। मन्त्रिपरिषदमा पेश भएको प्रतिवेदन आधिकारिक हुने हुँदा दोस्रो प्रतिवेदन खारेज हुनु पर्छ। प्रतिवेदनको जिम्मा महाशाखा र शाखाले लिने भएकोले उक्त कार्यमा मेरो संम्लग्नता रहेको छैन। प्रतिवादी केशवप्रसाद दुलालसँग म गृह मन्त्रालयमा कार्यरत रहदा चिनजान भएको हो। मेरो कार्यकालसम्म भुटानी शरणार्थीको नाममा विदेश पठाउने चलखेलमा रोक लागेको थियो। उक्त रोक लागेपछि भुटानी शरणार्थीका नाममा उठाएका पैसा सम्बन्धित व्यक्तिहरुले फिर्ता माग गरेपछि प्रतिशोध स्वरुप आक्षेप गरेका हुन्। केशवप्रसाद दुलाल र म बीच कुराकानी भएको हो। म लोभ लालचमा परेको छैन। मेरो कार्यकालमा शरणार्थीका नाममा अल्झाउने र नाजायज फाइदा लिने उद्देश्यले काम भएको छैन।

**अदालतमा गरेको बयानः** मैले राष्ट्रसेवकको हिसावले निर्वाह गर्नुपर्ने आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्ने बाहेक कुनै लोभ लालच तथा प्रलोभनमा परी सरकार र राज्य विरुद्ध गर्न नहुने कुनै कार्य गरेको छैन। भुटानी शरणार्थी समस्यालाई सरकार र राज्यले दशकौंसम्म थाती राखेर बस्ने अवस्था थिएन। सरकार अविछिन्न उत्तराधिकारवाला संस्था हो। पूर्ववर्ती सरकारले निश्चित प्रक्रियामा लगेको विषयलाई पछिल्लो सरकारले निर्णय गरी टुंङ्गोमा पुर्‍याएको हो। मैले गर्न नहुने काम गराउन सरकारी कागजात तयार गरी निर्णयको लागि पेश गरेको अवस्था होइन। सचिव र मन्त्रीले कुनै पनि कागजात सिर्जना गर्दैन र कुनै पनि कागजातको अभिलेख

राख्दैन। मन्त्रालयमा प्रणालीबाट काम गर्दा कमजोरी वा गल्ती हुने संभावना रहँदैन र प्रणाली बाहिरबाट भएको कामले प्रणालीमा प्रवेश पाउँदैन। मन्त्रिपरिषदमा प्रस्ताव पेश हुने र डकुमेन्ट अपलोड हुने आफ्नै विशिष्ट प्रक्रिया छ। सहसचिव, उपसचिव र शाखा अधिकृतको समूहले सम्पूर्ण कागजात पेश गर्ने, रुजु जाँच गर्ने र सिफारिस गरी सकेपछि सचिव र मन्त्रीको निर्णय पश्चात् प्रस्ताव अनुसार संलग्न हुनु पर्ने सम्पूर्ण कागजात पुनः रुजु जाँच गरी क्याबिनेटको लागि अनलाइन अपलोड गर्ने काम हुन्छ। क्याबिनेटबाट निर्णय प्रमाणितसहित प्राप्त कागजात सचिवको तोक आदेश पश्चात् पुनः कर्मचारीको त्यही समूहले रुजु जाँच गरी अभिलेख राख्ने काम हुन्छ। यो समग्र प्रक्रियामा सचिव र मन्त्रीले गल्ती गर्ने भन्ने नै हुँदैन। मैले आरोपित कसुर गरेको छैन।

७. प्रतिवादी सन्दिप रायमाझी

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** सानु भण्डारी मेरो बुबालाई भेट्न आउने क्रममा निजसँग चिनजान भएको हो। हामीले दुई वर्षसम्म टायल र मार्बलको व्यापार गरेका थियौं। सानु भण्डारीसमेत भई ६।७ वर्ष अगाडि लियोन ट्रेडर्स नामको कम्पनी खोलेका थियौं। सानु भण्डारीले कम्पनीका लागि रु. २०,००,०००। (बीस लाख) का दरले दुई पटक गरी २।३ महिनाको अवधिमा रु. ४०,००,०००। (चालीस लाख) बुझेको हुन। निजले दिएको अर्को रु. २०,००,०००। (बीस लाख) मैले कम्पनीका नाममा जम्मा गरेको हुँ।

**अदालतमा गरेको बयानः** सानु भण्डारी, केशव दुलाल, टंक गुरुङ, टोपबहादुर रायमाझी, शमशेर मियाँ, निरज राई र प्रतिक थापालाई चिन्दछु, अरुलाई चिनेको छैन। सानु भण्डारीले पटक पटक गरी रु. ६९ लाख ६५ हजार पाँच सय कम्पनीलाई दिएको हो। सानु भण्डारीले डायरीमा भुटानी शरणार्थीबाट रकम खर्च भएको भन्ने विषयमा मलाई थाहा छैन। एक पटकमा रु. २० लाख कम्पनीको खातामा आएको र अर्को पटक रु. २० लाख मेरो पर्सनल खातामा आएकोले सो रकम पुनः कम्पनीमा जम्मा गरेको थिए। सो मध्ये कम्पनीको रोजगारको सिलसिलामा उठ्न बाँकी रकम सानु भण्डारीले चिनजानको मानिसहरुमार्फत उठाई कम्पनीको खातामा जम्मा गरेको हो। मलाई दिनु भएको बीस लाख रुपैया लेयोन ट्रेडर्स प्रा. लि. कम्पनीको पूर्ण रुपमा सदस्य बन्न भनेर दिनु भएको हो। मिसिल सम्लग्न मौकाको बयानमा भएको सहीछाप मेरो हो।

८. प्रतिवादी रामशरण के. सी.

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** जनक कार्कीले टेलिफोन गरी म टेकनाथ रिजालको मुख्य सल्लाहकार हुँ। हामीले नेपालीहरुलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाउने काम गरी रहेकाले तपाई र तपाईंका आफन्तहरु जाने भए खोज्नु, हामी मिलाउँछौं भनेको र सोही फोनबाट गोकुल थापाले अमेरिका जाने भए तपाई र अन्य इच्छुक खोज्नु भन्नु भएकोले म इच्छुक भई, मेरा सम्पर्कका अन्य इच्छुकहरुबाट रु. ३,००,०००। (तीन लाख) का दरले जम्मा रु. ५२,००,०००। जम्मा भएकोमा सो मध्ये गोकुल थापालाई निजको घरमा रु. १,५०,०००।, भाटभटेनीको क्याफेमा रु. १२,००,०००। र पशुपति मिजन होटलको पछाडि रु.

१८,००,०००। र बाँकी रु. १२,००,०००। (बाह्र लाख) तिन कुनेमा नगद बुझाएको छु। झापामा टेकनाथ रिजालको घरमा गई रकम लिएको सम्बन्धमा बुझ्दा काम हुन्छ, केही ढिला भएको मात्र हो भनी जानकारी गराए। पछि गोकुल थापासँग सम्पर्क गरी काम किन ढिला भयो रकम फिर्ता दिनु भन्दा रु. ३२,००,०००। फिर्ता दिए। पछि काम हुन्छ भनी पुनः रकम माग गरेकोमा रकम जम्मा गरेर ग्लोबल आई एम इ बैंकको चेकबाट गोकुल थापाकी श्रीमती रमा थापाका नाममा रु. ४०,००,०००। (चालिस लाख) र बाँकी रु. २०,००,०००। (बीस लाख) गरी जम्मा रु. ६०,००,०००। गोकुल थापालाई हिसाब मिलान गरी दिएको हो। टेकनाथ रिजालले चावहिलको एवान पार्टी प्यालेशमा बोलाएकोले म गई भेट गर्दा निजले भुटानी शरणार्थी बनाई अमेरिका लाने सम्पूर्ण काम केशवप्रसाद दुलाल र भेषराज लम्सालले गर्नु हुन्छ भनी विश्वास दिलाएका थिए। प्रतिवादीहरुले हामीलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिन्न २०७६ असारदेखि श्रावण पहिलो हप्तासम्ममा ३४ जना व्यक्तिहरुको भुटानी शरणार्थी कार्ड (परिचयपत्र) बनाई सो कार्डमा टेकनाथ रिजालले सहीछाप गरी हामीलाई दिएका हुँन्। प्रतिवादी केशवप्रसाद दुलाल र सानु भण्डारीले परिचयपत्रका आधारमा फारम भर्न लगाई हामीलाई सहीछाप गर्न लगाई निजहरुलाई प्रति व्यक्ति दश लाखका दरले रकम दिएका हौं। सागर राईले जोरपाटी साँखु जाने बाटोमा रहेको रेष्टुरेन्टमा बोलाएको र त्यहाँ जाँदा गृह मन्त्री रामबहादुर थापाका छोरा प्रतिक थापा, सागर राई, प्रेमराज पन्थी र केशव दुलाल पहिले नै त्यहाँ पुगी सकेका रहेछन्। निजहरुले रु. २,५०,००,०००। जम्मा गर्नु भनेकोले सानु भण्डारीको खातामा रु. १,३४,००,०००। जम्मा गरेको र रु. १,५०,००,०००। केशव दुलाललाई दिएको हो। प्रेमराज पन्थीलाई रु. १,००,००,०००। दिएको हो। टेकनाथ रिजालले म लगायतका व्यक्तिहरुको भुटानी शरणार्थीमा नाम छुटेको हुँदा समावेश गरी पाँउ भनी फोटो टाँसी सहीछाप गर्न लगाई रु. ११,००,०००। (एघार लाख) बुझेका हुन्। निजले शिविरमा बसेका व्यक्तिहरु अब अमेरिका जाँदैनन्, निजहरुका नामबाट तिमीहरुको परिचयपत्र बनाई म लगायत केशव दुलाल र सानु भण्डारीसमेत भई अमेरिका पठाई दिन्छौ भनेका हुन्। केशव दुलाल र सानु भण्डारीले बायोमेट्रिक गराएका थिए। भेषराज लम्सालले टेकनाथ रिजालको बाकस छ, झापा घरसम्म लगी दिनु भनेकोले उक्त बाकस लगी दिएको र टेकनाथ रिजालले खोली हेर्दा धेरै जनाको परिचयपत्र भएकोले ती परिचयपत्रहरु घरको कम्पाउण्ड बाहिर मैले जलाएको हुँ। प्रतिक थापाले रु. १,५०,००,०००। (एक करोड पचास लाख) जम्मा पारी केशव दुलाललाई दिनु भनेकोले उक्त रकम केशव दुलाललाई दिएको हुँ।

**अदालतमा गरेको बयानः** प्रतिवादीहरुमध्ये केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, निरज राई, प्रतिक थापा र टेकनाथ रिजाललाई चिन्दछु। अन्य प्रतिवादीलाई चिन्दिन। चावहिलको एवान पार्टी प्यालेसमा प्रतिवादी टेकनाथ रिजालले बोलाई प्रतिवादी केशवप्रसाद दुलाललाई चिनाई दिनु भएको हो। शरणार्थीको काम हुँदै छ, यस सम्बन्धी कामको लागि भरपर्दो मै बराबरको मानिस केशवप्रसाद दुलाल हुन् भनेर मलाई टेकनाथ रिजालले विश्वास दिलाएका हुन्। त्यसको

एकदिन पछाडि केशव दुलालले मलाई सुकेधारा भेटघाट सेकुवा कर्नरमा बोलाई तपाईका कोही आफन्त साथीभाई अमेरिका जाने छन् भने मलाई भेटाई दिनुस् भन्नु भयो। त्यहाँ सानु भण्डारी, भेषराज लम्सालसमेत हुनुहुन्थ्यो। हामीलाई अमेरिका पठाउन खोज्ने र नेतृत्व गर्ने मुख्य मान्छे केशव दुलाल, सानु भण्डारी र टेकनाथ रिजाल हुन्। भेषराज लम्साल पनि आफ्ना मान्छे अमेरिका पठाउन खोज्ने म जस्तै पीडित मान्छे हुन्। त्यसको दुईदेखि तीन हप्ता पछाडिदेखि भुटानी मानव अधिकार सँगठनको परिचयपत्र बाड्ने कार्य भयो। म र मेरा चिनजानका ३४ जना व्यक्तिलाई परिचयपत्र बाँडियो। प्रतिव्यक्ति दुईदेखि तीन लाखका दरले ३४ जनासँग करिब ९० देखि ९२ लाख उठाएर केशवप्रसाद दुलाललाई दिएका हौं।

९. प्रतिवादी विक्रम भन्ने गोविन्दकुमार चौधरी

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** प्रतिवादी केशव दुलालले टेकनाथ रिजाल भन्ने व्यक्तिको लागि प्लेन टिकट काटी दिनु भनेकोले मैले निजका लागि भद्रपुरबाट काठमाडौंसम्म आउने टिकट काटिदिएको हुँ। निज एक हप्ता पछि झापा गएकोले निजलाई बोलाएकोमा निज काठमाडौं आउँदा एयरपोर्टबाट टोपबहादुर रायमाझीको घरसम्म पुऱ्याएको हुँ। पछि केशव दुलाल र सानु भण्डारीले भुटानी शरणार्थीको रुपमा नेपालीलाई कागजपत्र मिलाई अमेरिका पठाउँछौं, तपाईहरुलाई टेकनाथ रिजालले प्रमाणित गरेको परिचयपत्र दिन्छौं, समिति बनाउँन पैसा चाहिएकोले २५ जनाबाट रु. २,००,०००। (दुई लाख) का दरले रु ५०,००,०००। सानु भण्डारीलाई नगदै दिएका हौं। पुनः फारम भरी ढड्डामा नाम समावेश गर्न भनी २६ जनाबाट उठाई रु. १,३०,००,०००। सानु भण्डारीले पठाएका निरज खरेललाई दिएको हुँ। पछि बायमेट्रिक गराएपछि सानु भण्डारीलाई रु. ३६,००,०००। (छत्तीस लाख) दिएको हो। सानु भण्डारीले निरज भन्ने मानिस प्रहरीका अ. स. ई. हुन् मेरो निजी गार्ड हो भनी चिनाएका थिए। निजले रकम लिन आउँदा ४४० न को आइटन गाडी लिएर आएका थिए। निजको वास्तविक नाम निरञ्जनकुमार खरेल रहेछ। मैले होटल खर्च तथा अन्य खर्चसमेत गरी जम्मा रु. २,४७,००,०००। (दुई करोड सड्चालिस लाख) दिएको छु।

**अदालतमा गरेको बयानः** मैले प्रतिवादीहरु कसैलाई चिन्दिन। नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने बिषयमा मलाई केही थाहा छैन। सानु भण्डारीको डायरीमा बिक्रम भाईबाट प्राप्त भएको रकम रु. ४ लाख लेखेको रहेछ। त्यो बिक्रम भन्ने मान्छे म होइन। अर्कै कोही बिक्रम होला। सहप्रतिवादीहरुले मेरोसमेत सम्लग्नता रहेको भनी किन लेखाए मलाई थाहा भएन। यसमा मेरो सम्लग्नता रहेको छैन।

१०. प्रतिवादी नरेन्द्र के. सी.

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** म गृह मन्त्रालयमा तत्कालीन गृह मन्त्रीको स्वकीय सचिवको रुपमा मिति २०७८ साल भदौदेखि २०७९ साल माघ १० गतेसम्म कार्यरत रहेको

दिएँ। मैले चलाउने गरेको मोबाइल नम्बर ९८६१६१९५११ र आङटावा शेर्पाले चलाउने गरेको मो. नं. ९८५१०६२०८९ मा ४९ पटक कुराकानी भएको भन्ने थाहा भएन। मेरो नाम उल्लेख भएको कागज को कस्ले के कुन प्रयोजनका लागि लेखेको हो। के कसरी बालकृष्ण खाँणका घरबाट बरामद भएको हो, थाहा भएन।

अदालतमा गरेको बयानः केशव दुलालले पुनः बयान गर्दा उल्लेख भएको कागज मबाट बरामद भएको होइन। मसँग भएको झोलामा मिति २०८०।१।२७ गते पूर्व गृह मन्त्री बालकृष्ण खाँणको निवासमा जाँदा अन्दाजी बिहान ८ बजे तिर एक अपरिचित व्यक्तिले तपाई नरेन्द्र जी हो भने, मैले हो भन्दा कागज दिएका र मैले उक्त कागज गोजीमा राखेर म पूर्व गृह मन्त्री बालकृष्ण खाँणको निवास भित्र पसेको अवस्थामा प्रहरीले पक्राउ गरी बरामद गरेको हो।

११. प्रतिवादी टोपबहादुर रायमाझी :

अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः प्रतिवादीहरु केशवप्रसाद दुलालसँग सुजाता कोइरालाको घरमा जाने क्रममा, सानु भण्डारी छिमेकी भएकोले र प्रतिवादी टेकनारायण पाण्डे जिल्ला बासी र नेपाल सरकारका सचिव भएकोले चिनजान छ। भुटानी शरणार्थी सम्बन्धी समस्याको स्थायी र दीर्घकालिन समाधानको उपायहरु पहिल्याउन बालकृष्ण पन्थीको संयोजकत्वमा कार्यदल गठन भएकोसम्म थाहा छ। प्रतिवादी डा. इन्द्रजित राई र सानु भण्डारीका बीच भएको लेनदेन व्यवहारको विषयमा उहाँहरुले जान्ने कुरा हो। मैले रकम लिएको छैन। सन्दिप रायमाझीका खातामा जम्मा भएको रकमका सम्बन्धमा निजले नै प्रष्ट पार्ने छन्। सानु भण्डारीबाट बरामद भएको डायरीमा पटक पटक मलाई रकम दिएको भनी लेखेको कुरा सत्य होइन। निजले के कुन प्रयोजनका लागि लेखेका हुन्, थाहा भएन। केशव भण्डारीको आग्रहमा गोसाइकुण्ड गई फोटो खिचाई फर्केका हौं। मिति २०७७।९।१६ आ म गृह मन्त्रालयमा जाँदा त्यहाँ इन्द्रजित राई, सानु भण्डारी र केशव भण्डारीका बीच लेनदेन सम्बन्धी विवाद सुनेको हुँ। इन्द्रजित राईलाई सानु भण्डारीसँग मैले परिचय गराएको होइन। भुटानी शरणार्थीका विषयमा कार्यदल बनेको थाहा छ, अरु थाहा छैन।

अदालतमा गरेको बयानः सानु भण्डारीले डायरीमा लेखेको विषय के कसो हो मलाई थाहा जानकारी छैन। सानु भण्डारी मेरो छोरासमेतको साझेदारी भएको कम्पनीमा शेयर लगानी गरेको सुनेको छु। कम्पनीको साझेदार सिमोन ट्रेडर्स भएकोले चिनेको हो। निजबाट मैले कहिल्यै पैसा लिएको छैन। लिनु पर्ने आवश्यकता पनि परेन। नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने विषयमा मेरो कहीं कतै संलग्नता छैन।

१२. प्रतिवादी बालकृष्ण खाँण

अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः २०७८ साल असार २९ गतेदेखि २०७९ साल पुस मसान्तसम्म गृह मन्त्रीको रुपमा मैले काम गरेको हुँ। म गृहमन्त्री हुँदा संविधान र कानूनको अधीनमा रही देशमा शान्ति, सुरक्षा, अमनचयन कायम गर्ने लगायतका इमान्दारी पूर्वक कार्य

सम्पन्न गरेको छु। बरामद भएको कालो रङको डायरीमा लेखिएको अंक अक्षर मेरो हो। सो बाहेक अन्य दुईवटा कालो रङको र एउटा खैरो रङको डायरी र सम्पत्ति विवरण भरिएका पाना ३८ समेत मेरो हो। भुटानी शरणार्थी समस्याको स्थायी र दीर्घकालीन समाधानको उपाय पहिल्याउन बनेको कार्यदलले पेश गरेको प्रतिवेदन सोही कार्यदलका साथै सम्वन्धित निकाय र कार्यदललाई जानकारी होला। उक्त प्रतिवेदन तत्कालीन मन्त्रीले तत्कालीन सचिवका नाममा प्रतिवेदनको अध्ययन तथा कार्यान्वियन अगाडि बढाउनु हुन भनी तोक लगाई अगाडि बढेको देखिन्छ। प्रतिवेदन उपर छलफल भई निर्णय कार्यान्वयनका लागि नेपाल सरकार मन्त्रिपरिषदसमक्ष प्रस्ताव पेश गर्न म ज्ञाट मिति २०७८।८।१२ मा स्वीकृति दिई सो प्रस्ताव मन्त्रिपरिषदमा पेश भएको हो। नेपाल सरकारको कार्य सम्पादन नियमावली अनुसार सम्बन्धित बिभागले प्रस्ताव पठाउने, सचिवले प्रस्ताव प्रस्तुत गर्दछन्, मन्त्रीले सदर गर्ने र मन्त्रिपरिषदले पारित गर्ने गरिएको छ। कागजपत्रहरु के कसरी पेश भए मलाई अहिले सम्झना छैन। एउटै प्रतिवेदनको एउटै बिषयमा फरक व्यहोरा हुन सक्तैन। मन्त्रालयको कागजपत्र सम्झौता लगायत विभिन्न अभिलेख राख्ने निकाय छुट्याइएको हुन्छ। पूर्ववर्ती सरकारले भुटानी शरणार्थी समस्याको स्थायी समाधानका उपाय पहिल्याउन गठित कार्यदलको प्रतिवेदन तत्कालीन गृह मन्त्रीले बुझी कार्यान्वयनका लागि अगाडि बढाएको अवस्थामा भुटानी शरणार्थी सम्वन्धी समस्या र समाधानको उपाय सम्बन्धमा मन्त्रिपरिषदमा उक्त समयमा नै प्रस्ताव प्रस्तुत गरिएको हो। उक्त प्रस्तावलाई निरन्तरता दिएको हो। भुटानी शरणार्थीका नाममा नेपालीहरुलाई मिसाई भुटानी शरणार्थी बनाई तेश्रो देश पठाई दिन्छौ भनी रकम लिने कार्यमा मेरो सम्लग्नता छैन। मोवाइल नं मेरो हो। फ्याक्ट्री रिसेट कसरी भयो थाहा छैन। गैर भुटानी शरणार्थीलाई भुटानी बनाई अमेरिका पठाउने कार्य ठीक होइन।

**अदालतमा गरेको बयानः** प्रतिवादी आङटावा शेर्पाले लेखाउनु भएको कागज व्यहोरा सुने। सो सम्बन्धमा आङटावा शेर्पासँग मेरो कुनै कुरा भएको छैन र बयान बदल्न पनि लगाएको छैन। मैले पीडितलाई रकम फिर्ता गर्न नरेन्द्र के.सी. मार्फत आङटावा शेर्पालाई रकम दिएको भन्ने व्यहोरा झुट्टा हो। देखाइएका प्रतिवेदनहरुका सम्बन्धमा मलाई कुनै जानकारी भएन। मन्त्रालयको कागजपत्र, प्रतिवेदन, विविध लिखतहरु राख्ने र सुरक्षा गर्ने सम्बन्धित महाशाखा, शाखाहरुको जिम्मेवारी हो। तसर्थः प्रतिवेदनमा फेरबदल भएका बुँदाहरुका सम्बन्धमा राख्नेहरुले नै जिम्मेवारी लिनुपर्ने हो। परिवर्तन भएको सम्बन्धमा मलाई थाहा हुने कुरा भएन।

१३. प्रतिवादी शमसेर मियाँ

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** रामबहादुर थापा गृह मन्त्री भएका बखत टोपबहादुर रायमाझीको सिफारिसमा म नेपाल हज कमिटीको अध्यक्षमा नियुक्ति भएको हुँ। केशव दुलाल, सानु भण्डारी र सन्देश शर्माका बीच राम्रो सम्बन्ध थियो। केशव दुलाल र सानु भण्डारीलाई गृह

मन्त्रालयमा आउन कुनै रोक थिएन। [illegible] भई, केशव दुलाल र सानु भण्डारीका बीच निकट सम्बन्ध रहेको देखेको थिएँ। प्रहरी कार्यालयमा दाखिला हुन आएको BAB १४०५ नं को गाडी मलाई देखाउँदा देखे, उक्त गाडी मैले चढ्ने गरेको गाडी हो। गाडी [illegible]। उक्त गाडी हज यात्रीका सदस्य र सन्देश शर्मासमेतले चढ्ने गरेका थिए। गृह मन्त्रालय अन्तर्गत आन्तरिक शाखाबाट वास्तविक नं. नै उक्त गाडीमा राख्न सल्लाह भई मर्मतका क्रममा गाडीको वास्तविक नं बा. १ ज १५८१ राखी चालकले गाडी ल्याएका हुन्। आज भन्दा दुई वर्ष अगाडि प्रतिबादी टककुमार गुरुङको रिसोर्टमा सानु भण्डारी, केशवप्रसाद दुलाल र सन्देश शर्मासमेतसँग भेट भएको थियो। निजहरुले नेपाली नागरिकहरुलाई तेस्रो मुलुक पठाउने कार्य हुँदैछ भनी एक आपसमा कुराकानी भएको सुनेको थिएँ। गैर भुटानी शरणार्थीलाई तेस्रो देशमा पठाउने कार्यमा उच्च पदस्थ कर्मचारीहरुसमेत पक्राउ परेको र सोही विषयमा मेरो नाम पनि जोडिएकोले प्रहरीले पक्राउ गर्न सक्छन् भनी IME No.352865670451178, I phon 13 promax मोबाइलको सिम कार्ड ९८५३०२५६९९ निकाली गोरखपुर भन्ने स्थानको खोलामा फ्याँकी दिएको हो।

**अदालतमा गरेको बयानः.** सन्देश शर्माले मागे अनुसार मैले निजलाई गाडी दिएको हुँ। निजले मेरो गाडी कहाँ- कहाँ लगे मलाई थाहा छैन। गौतम गिरीले भने अनुसार "BBA 1405 र बा. १ ज. १५८१ नम्बरको सेतो रङको गाडी एकै हुन भनी लेखाएको कागज ठीक हो भने निजले लेखाएको अन्य कुरा मलाई थाहा भएन। प्रतिवेदन सम्वन्धमा मलाई केही थाहा छैन।

१४. प्रतिवादी आङटावा शेर्पा

**अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** मैले केशवप्रसाद दुलाललाई सुजाता कोइरालाको निजी सचिव हुँदा र सानु भण्डारीले जग्गा र हाइड्रोपावरको काम गर्ने भएकोले अघिदेखि नै चिनेको हो। मैले केशवप्रसाद दुलाल र सानु भण्डारीलाई प्रहरी हिरासतमा भेटी पीडितहरुको रकम फिर्ता गर, रकम तत्काल फिर्ता गर्न नसके कागज गर भनेको हुँ। मैले नरेन्द्र के.सी.बाट रु. १,००,००,०००। (एक करोड) र सानु भण्डारीबाट रु. ३०,००,०००। (तीस लाख) लिएको होइन। मिति २०८०।२।१ गते म जिल्ला प्रहरी कार्यालय टेकुमा उपस्थित भएपछि मैले अनुसन्धान अधिकृतसमक्ष गरेको कुराकानी भिडियो रेकर्ड देखें, सो कुरा मैले बेहोसी र करकापमा गरेको हो। राजु भण्डारीलाई चिनेको छैन, नचिनेका मान्छेबाट रकम लिने कुरा आउँदैन।

**अदालतमा गरेको बयानः** जाहेरवालाहरु मध्ये जिमा शेर्पिनी, तेन्जी पुटी शेर्पेनी, जिमा शेर्पा, लमडोमा शेर्पा, सोनी शेर्पालाई चिन्दछु, अरु कसैलाई चिन्दिंन। चिनेका जाहेरवालाहरु सबै मेरा आफन्त भएकोले लेनदेन भई रहन्थ्यो। मसँग पनि उहाँहरुले रकम लैजाने र मलाई आवश्यक परेको समयमा मैले पनि रकम लिने कार्य भई रहन्थ्यो। लेनदेन रकम छ होला तर मैले नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिन्छु भनी कुनै रकम लिएको छैन। जाहेरवालाहरुको जाहेरी ब्यहोरा झुठ्ठा हो। माथि उल्लेखित जिमा शेर्पिनी, तेन्जी

पुटी शेर्पेनी, जिमा शेर्पा, लगंडौमा शेर्पा, सोनी शेर्पा बाहेक अरु जाहेरवालाहरु कसैलाई पनि चिन्दिँन।

१५. प्रतिबादी सन्देश शर्मा

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** रामकुमार रेग्मीबाट भुटानी शरणार्थीको रुपमा अमेरिका जान पाइन्छ भन्ने सुनेको थिएं। यसै क्रममा केशवप्रसाद दुलालसँग भेट भई निजसँग कुराकानी गर्दा शरणार्थी बनी अमेरिका जाने बिषयको सम्पूर्ण जानकारी गराएकां थिए। निजले मैले माथिल्लो निकायका सम्पूर्ण मानिस चिनेको छु, भुटानी शरणार्थीको कागजातहरु मिलाई नेपाली नागरिकलाई अमेरिका पठाउन सकिन्छ भनी कागजातहरु उपलब्ध गराउने कुरा गरे। जाहेरवाला रामकुमार रेग्मी तथा निजका सम्पर्कका व्यक्तिहरु र गजेन्द्र बुढाथोकीका ट्राभल डकुमेन्ट लगायत अन्य कागजातहरु केशव दुलालले मलाई पठाएकोले मैले ती कागजातहरु रामकुमार रेग्मी र गजेन्द्र बुढाथोकीको whatsapp मा पठाएको हो। गजेन्द्र बुढाथोकीसमेतले पठाएको आकाश कार्कीसमेत १२६ जनाको नामावली केशवप्रसाद दुलाललाई पठाएको छु। प्रतिवादी सानु भण्डारी, केशवप्रसाद दुलाल र सागर राईसमेतले जाहेरवालाहरुलाई अमेरिका पठाई दिन्छुँ भनी रकम लिएको भन्ने सुनेको हुँ।

**अदालतमा गरेको बयानः** मैले जाहेरवालाहरुबाट कुनै रकम लिएको छैन। जाहेरवाला गजेन्द्र बुढाथोकी अमेरिकी नागरिक हुन्। जाहेरवाला रामकुमार रेग्मी र गजेन्द्र बुढाथोकीले म स्वयंलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजान्छु भनी पहिलो पटक भनेका हुन्। रामकुमार रेग्मी मानिस विदेश पठाउने कन्सल्टेन्सी भएका व्यक्ति हुन्। जाहेरवाला गजेन्द्र बुढाथोकी र रामकुमार रेग्मीले मलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजान जम्मा रु. ५०,००,०००।(पचास लाख रुपैयाँ) लाग्छ भनेकोले जाहेरवालाहरुले म बाट भुटानी शरणार्थी बनाउनें कामको लागि पटक पटक गरी जम्मा रु.२१,००,०००।(एक्काइस लाख रुपैयाँ) नगदै लिएका हुँन। मौकाको बयानमा भएको सहीछाप मेरो हो।

१६. प्रतिबादी टेकनाथ रिज़ाल

**अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः** जाहेरवालाहरुसमेतका नेपाली नागरिकहरुलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने भनी पीडितहरुबाट रकम लिने कार्यमा केशवप्रसाद दुलाल, सानु भण्डारी, रामशरण के. सी. प्रेमराज पन्थी, इन्द्रजित राई र टोपबहादुर रायमाझीको सम्लग्नता छ भन्ने थाहा छ। चार वर्ष अगाडिं टोपबहादुर रायमाझी, केशव दुलाल, सानु भण्डारीले नेपालमा बाँकी रहेका भुटानी शरणार्थीहरु मध्ये तेश्रो मुलुकमा पुनर्स्थापना हुन चाहनेहरुलाई तेश्रो मुलुकमा पुनर्स्थापना गर्ने र केही नेपालीहरुलाई भुटानीहरु कै नाममा अमेरिकासमेतका मुलुकमा लैजाने हाम्रो योजना छ, सहयोगी भूमिका खेली दिनु पर्‍यो भनेका हुन्। मैले भुटानीहरुका नाममा नेपालीहरुलाई तेश्रो मुलुक लैजाने हो भने भुटानीहरुको समस्या पूर्ण रुपमा समाधान हुनु पर्छ,

निजहरुलाई मर्का नपार्ने गरी मिलाउँन सक्नु हुन्छ भने मलाई आपत्ति छैन भनेको थिएँ। नेपालीहरुलाई नक्कली भुटानी बनाई अमेरिका पठाउने भनी पीडितहरुबाट रकम लिने कार्यमा केशवप्रसाद दुलाल, सानु भण्डारी र अमेरिकोमा बस्ने अशोक पोखरेलसमेतको सम्लग्नता छ। निजहरुले उठाएको रकम मध्ये केही आफ्नो व्यापारमा लगाउने र केही रकम टोपबहादुर रायमाझी, इन्द्रजित राई र टेकनारायण पाण्डेसमेतलाई दिने गरेको सुनेको छु। टोपबहादुर रायमाझी यस कार्यका योजनाकारका रुपमा रहेका, अशोक पोखरेल, केशव दुलाल र सानु भण्डारी सल्लाह दिने, गृह मन्त्रालयमा समन्वय गर्ने र रकम लिने कार्यमा सम्लग्न छन्। प्रेमराज पन्थी र रामशरण के. सी. रकम सङ्कलन गरी केशवप्रसाद दुलालसमेतलाई दिने कार्यमा सम्लग्न छन्। करिब चार वर्ष अगाडि केशव दुलाल र सानु भण्डारी झापा स्थित मेरो घरमा आई १००।१५० जना नेपाली नागरिकहरुलाई भुटानीको परिचयपत्र दिई अमेरिका लैजान सहयोग मागेका थिए। मैले भुटानीको पुनर्स्थापनामा अवरोध हुँदैन भने नेपालीहरु भुटानीका नाममा अमेरिका जाने मेरो सरोकारको कुरा भएन भनेको थिएँ। प्रतिवादीहरु केशव दुलाल, सानु भण्डारी र भेषराज लम्सालले नेपालीहरुको Bhutan Human Right Organization को Membership Card बनाएको थाहा पाएँ। निजहरुले सो कार्डमा सही गर्न अनुरोध गरेकोमा मैले इन्कार गरे। पछि टोपबहादुर र इन्द्रजितले भनेपछि केही कार्डहरुमा सहीछाप गरिदिएको हो। केही कार्डहरु प्रविधिको दुरुपयोग गरी वा के गरी बनाए मलाई थाहा भएन। प्रतिवादी रामशरण के. सी. ले करिब ६ वर्ष अगाडि नेपालीलाई अमेरिकामा लैजाने योजना छ, सहयोग गरी दिन अनुरोध गरेकोमा मैले इन्कार गरेको थिए। मैले रामशरण के. सी. लाई केशव दुलाल र सानु भण्डारीसँग चावहिलको एवन पार्टी प्यालेशमा भेट गराएको थिएँ। मैले कार्ड बनाएको होइन, केशव दुलाल र सानु भण्डारीले दिएको केही कार्डहरुमा सही गरेको हो। कुनकुन कार्डमा सही गरे हाल भन्न सक्तिन। टोपबहादुर रायमाझी र इन्द्रजित राई सरकारी निकायकातर्फबाट र केशव दुलाल र सानु भण्डारी सरकारी निकायका उच्च सरकारी कर्मचारीको सरुवा बढुवा गराउन सक्ने व्यक्ति भएकोले सरकारी तवरबाट उक्त काम भएको हो। यसअघि नेपालमा रहेका भुटानीहरुलाई तेश्रो देशमा लैजाँदा केही नेपालीहरु घुसेर भुटानीका नाममा अमेरिकासमेतका मुलुकमा गएकै हुन्। सो विषयको जानकारी नेपाल सरकारलाई हुनु पर्ने हो।

अदालतमा गरेको बयानः मेरो शारीरिक तथा मानसिक स्वास्थ्य ठीक छ, बयान दिन सक्छु। नेपाली नागरिकहरुलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिनेसमेतको योजना लिई केशवप्रसाद दुलाल र सानु भण्डारी मेरो बिर्तामोड स्थित घरमा आएका थिए। मैले भुटानी शरणार्थीको अधिकारको लागि आवाज उठाइरहेको छु, भुटानी शरणार्थीहरुले धेरै नै दुःख पाएका छैनन्, तपाईहरु नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका या विदेश लाने कुरा गर्दै हुनुहुन्छ, मैले नेपाल सरकारबाट सुविधा पाएको छैन भन्दा निजहरुले तपाईले पाउँने सुविधा पाउँनु हुन्छ, हामीले सबै सरकारी तहबाट कुरा मिलाई सकेका छौं, सबै भुटानी

शरणार्थीहरुलाई अमेरिका वा विदेश पठाउने र त्यसमा नेपाली नागरिकहरूलाई समेत नक्कली भुटानी शरणार्थी बनाई अमेरिका वा त्यस्तो देश लाने योजना रहेको छ। हामी सबै सरकारी तवरबाट मिलाउँछौं, केही सुविधा र रकम लिएर भुटानी र नेपालीहरूलाई पनि मिलाएर लैजाने हो भनी निजहरुले भनेका हुन्। त्यसपछि मलाई टिकट काटेर झापाबाट बोलाई काठमाडौंमा विक्रम भन्ने गोविन्दकुमार चौधरी लिन गएका र निजले टोपबहादुर रायमाझीको घरमा लगी निज टोपबहादुर रायमाझीको घरमा शरणार्थीको विषयमा कुराकानी हुँदा कुरा मिलाएर नभएपछि प्रचण्डसँग भेट गराई दिने भनी प्रचण्ड निवासमा पुर्‍याएका थिए। प्रचण्ड निवासमा म, टोपबहादुर रायमाझी, सानु भण्डारी र केशवप्रसाद दुलाल गएका थियौं। मैले प्रचण्डसँग भुटानी शरणार्थीको व्यवस्थापन सम्बन्धमा कुराकानी गर्न आएका हौं भनी कुरा गर्दा प्रचण्डले म आज एकदमै व्यस्त छु, टोपबहादुर रायमाझीसँग सबै कुरा गर्नु होला, सम्बोधन हुनसक्ने भए निजले समाधान गर्नु हुन्छ भनी भन्नु भयो। Bhutan Human Right Organization को Membership Card मा मैले सही गरिदिएको हो। मैले थाहा पाएसम्म टोपबहादुर रायमाझी, सानु भण्डारी र केशवप्रसाद दुलाल यसका मुख्य योजनाकार रहेको जानकारी छ। नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका लाने भन्ने विषयमा केशवप्रसाद दुलाल, सानु भण्डारी, टोपबहादुर रायमाझी, प्रेमराज पन्थी र रामशरण के.सी.को मुख्य भूमिका रहेकोमा म जानकार छु।

१७. प्रतिवादी लक्ष्मी महर्जन (अनुसन्धानका क्रममा फरार रही अभियोगपत्र दर्ता भएपछि पक्राउ परी आएकी)

**अदालतमा गरेको बयानः** मेरो हिमालयन बैंकमा रहेको खाता मेरो श्रीमान् हरिभक्त महर्जनले सहजताका लागि चलाउनु हुन्थ्यो। उहाँ सहकारीमा काम गर्ने भएकोले उहाँको धेरै रकम कारोबार भई रहन्थ्यो। रकम आउने जाने क्रममा मेरो मोवाइलमा म्यासेज आएपछि यो रकम हाम्रो होइन भन्दा यो रकम आउने जाने रकम हो भन्नु हुन्थ्यो। मेरो पासवर्ड सबै उहाँसँग भएकोले उहाँले नै मेरो खाताबाट आफ्नो खातामा रकम पठाउने काम गर्नु भएको हो। रकम आएको भन्ने सन्दर्भमा के कुन प्रयोजनका लागि कहाँबाट आएको हो र के कुन प्रयोजनका लागि उहाँको खातामा सारिएको भएको हो, सो सम्बन्धमा मलाई जानकारी भएन। यो खाता हाल मैले प्रयोग गर्ने गरेको थिइन, यो अफिसको स्यालरी खाता हो। मेरो श्रीमानको विश्वास गरेर उक्त खाता चलाउन दिएको हो। उक्त रकम के कुन प्रयोजनका लागि के कति रकम पठाइयो भन्ने सम्बन्धमा मलाई थाहा छैन। मैले विश्वास गरेर श्रीमानलाई खाता चलाउन दिएँ, गल्ती भयो भनी बयान गरेको पाइन्छ।

१८. प्रतिवादी हरिभक्त महर्जन (अनुसन्धानको क्रममा फरार रही अभियोग दर्ता भएपछि निवेदन साथ हाजिर हुन आएका)

मैले सन्देश शर्मासँग सहकारीमा डिपोजिट हुने रकम मात्र पर्याप्त नभएकोले बैंक खाता नम्बर मागेकोले मैले मेरी श्रीमती लक्ष्मी महर्जन र अफिसको हाकिम केशव तुलाधरको बैंक खाता पठाएको थिएँ। विभिन्न मितिमा सन्देश शर्माले मेरी श्रीमती लक्ष्मी महर्जनको खातामा करिब रु.२० लाख तथा केशव तुलाधरको खातामा विभिन्न मितिमा करिब रु. ३५ लाख आएको हो। विभिन्न मितिमा करिब रु. ३५ लाख जति सन्देश शर्माले मलाई नगदै पनि दिएका हुन्। सन्देश शर्मासँग विभिन्न मितिमा संस्थाको कामको लागि रकम लिएको हुँ। मेरो र मेरो हाकिम केशव तुलाधरको खाता प्रयोग गरी कनेक्ट आइ.पि.एस. मार्फत् सन्देश शर्माले दिएको सनराईज बैंकको रामशरण के.सी. को खातामा करिब रु. ८० लाख रुपैयाँ विभिन्न मितिमा पठाएको हुँ। करिब रु. १० लाख रकम मैले सन्देश शर्मालाई नगदै दिएको हुँ। सन्देश शर्माले मलाई दिएको रकम के कसरी आर्जन गरेर मलाई पठाएका हुन् थाहा भएन भनी बयान गरेको पाइन्छ।

**घटना विवरणमा कागज गर्ने व्यक्तिहरु:**

**कुलबहादुर बस्नेत, प्रेमबहादुर डि. सि.समेतः** प्रतिवादीहरुले सरकारी कोटामा भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिन्छु, भिषा प्रोसेस तथा कागजातहरु मिलाउन केही रकम जम्मा गर्नु पर्छ भनेकोले र सो कार्यमा गृह मन्त्रालयका उच्च कर्मचारीहरुसमेतले सहयोग गरेका छन्। रु. ५०,००,०००। (पचास लाख) खर्च लाग्छ भनी वास्तविक नामबाट फारम नभराई अर्कै नामबाट फारम भराएका हुन्। २०७८ सालमा बायोमेट्रिक गर्न भनी पटक पटक लाखौं रुपैया प्रतिवादीहरुले लिएका हुन्। बायोमेट्रिक गर्न चितवनको सौराहाको होटल भिजन सफारीमा आउँनु भनेकोले हामी त्यहाँ गएको थियौं। उक्त स्थानमा बायोमेट्रिक गर्ने व्यक्तिले घाँटीमा गृह मन्त्रालय लेखिएको कार्डसमेत भिरेका सरकारी कर्मचारीको पोशाक लगाएका थिए। बायोमेट्रिक गर्दा आँखाको फोटो, हातका औंलाको छाप र ल्यापटपबाट फोटोसमेत खिचेका थिए। त्यसपछि मेडिकल गर्नु पर्छ भनी पुनः रकम लिएका थिए। केही समयसम्म काम रोकिएकाले हाम्रो काम के भई रहेको छ भनी सोध्दा काम भई रहेको छ। जसरी भएपनि अमेरिका पठाई दिन्छौं, नेपालका माथिल्लो स्तरका मानिसहरु चिनेका छौं, ढुक्क भई बस्नुहोस् भनी हामीलाई विश्वास दिलाएका थिए। हामीबाट रकम लिई ठगी गर्ने योजना अनुसार विभिन्न प्रकारका नक्कली कागजपत्रहरु बनाई सोही कागजपत्रहरु हामीहरुलाई देखाउने, पठाउँछौं भनी झुक्याई रकम लिई ठगी गरेको र सो कार्यमा केशवप्रसाद दुलाल, सानु भण्डारी, सन्देश शर्मा तथा नेपाल सरकार अन्तर्गतका गृह मन्त्रालयमा काम गर्ने उच्च पदस्थ ठूला कर्मचारीहरु मिली ठगी गरेका हुन्। प्रतिवादीहरुले ठूलो रकम ठगी गरेकोले कारबाही गरी ठगी भएको रकम असुल उपर गरी पाँउ।

**सुरेन्द्रराज दाहालः** शिविर मित्र केशवप्रसाद दुलाल र सानु भण्डारीले दलाली धन्दा चलाउन खोजेको र निजहरुले पुरानो पन्थी प्रतिवेदन र ४२९ जनाको बारेमा दुहयाउनु भनेका थिए। मेरो गृहमन्त्रालयबाट सरुवा गरिएको र रमाना दिन गृह मन्त्रीले मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई दबाब दिएका थिए।

**फणिन्द्रमणि पोखरेलः** बालकृष्ण पन्थीको संयोजकत्वमा गठन भएको कार्यदलले तयार गरेको प्रतिवेदन कार्यान्वयन गर्न सचिव टेकनारायण पाण्डेले भन्नु भएकोले सो प्रतिवेदन कार्यान्वयन गर्न नीतिगत र व्यवहारिक रुपमा अफ्ठ्यारो छ भनेको थिए। पन्थी कार्यदलले पेश गरेको प्रतिवेदन मन्त्रिपरिषदमा पेश भई फिर्ता आएपछि प्रतिवेदनका सम्बन्धमा सचिव टेकनारायण पाण्डेको अस्वाभाविक चासो रहेको, प्रतिवेदन बारम्बार शाखाबाट मगाई लामो समयसम्म राख्ने गरेकोले निजकै निर्देशन वा सम्लग्नताबाट प्रतिवेदन फेरबदल भएको हुन सक्छ।

**सागरमणि पाठकः** बालकृष्ण पन्थीको संयोजकत्वमा गठन भएको कार्यदलले तयार गरेको प्रतिवेदन कार्यान्वियन गर्न सचिव टेकनारायण पाण्डेले भन्नु भएकोले सो प्रतिवेदन कार्यान्वियन गर्न नीतिगत र व्यवहारिक रुपमा अफ्ठ्यारो छ भनेको थिएँ। सोही समयमा मेरो अप्रत्यासित रुपमा सरुवा भयो। मैले रमाना नलिँदै टेकनारायण पाण्डेले UNHCR का प्रतिनिधिहरु र UNHCR का नेपालका प्रतिनिधिलाई मन्त्रालयमा बोलाई बैठक राखेको, सो बैठकमा सचिवले Verification Team ले भुटानी भनी पहिचान गरेका ४२९ जना बाहेक १०१७ जना मानिस मध्ये केहीं शरणार्थीको रुपमा रहेकोले यस सम्वन्धमा छलफल गराएको थिए। प्रतिवेदन मिति २०७८।८।१२ मा मन्त्रिपरिसदमा पेश भई गृह मन्त्रालयमा फिर्ता आएपछि कसरी फेरियो भन्न सक्तिन। तर, सो प्रतिवेदनका सम्वन्धमा टेकनारायण पाण्डेको अस्वाभाविक चासो रहेको, प्रतिवेदन शाखाबाट मागी लामो समयसम्म राख्ने गरेको कारणले निजकै निर्देशन वा सम्लग्नतामा फेरबदल भएको हुन सक्छ।

**बालकृष्ण पन्थीः** मिति २०७६।७।१ मा पेश भएको प्रतिवेदनको केही खण्ड र भाग परिवर्तन गरिएकोछ। प्रतिवेदनको बुदाँ नं २.६ (आ) को व्यहोरा पूर्ण रुपमा फरक छ। अन्य विभिन्न ठाँउमा र निष्कर्षमा फरक छ। अनुसुची १० थपिएको, पेज सेटिङ, Space management र Front फरक छ। हाम्रो दस्तखत आधुनिक प्रविधिको दुरुपयोग गरी राखिएको महसुस भयो।

**गणेशबहादुर के सीः** मन्त्री स्तरिय मिति २०७६।२।३० को निर्णय अनुसार विज्ञ सदस्यको रुपमा नियुक्त भएको हुँ। २१ वर्ष शिक्षक भएको र शरणार्थी सम्वन्धी खासै ज्ञान छैन।

**यन्तोष प्रधानः** मन्त्रिपरिषदबाट फिर्ता आएको प्रतिवेदनका सम्बन्धमा तत्कालिन गृह सचिव टेकनारायण पाण्डेको सबै भन्दा धेरै र अस्वाभाविक चासो रहेको, प्रतिवेदन बारम्बार सचिव ज्यूले माग गर्ने गरेको र ४।५ दिनसम्म लगातार प्रतिवेदन निजले राख्ने गरेकोले निजकै निर्देशन वा सम्लग्नतामा फेरबदल भएको वा नक्कली प्रतिवेदन म कार्यरत शाखामा राखेको भन्ने विश्वास लाग्छ।

**चोमेन्द्र न्यौपानेः** बालकृष्ण पन्थी कार्यदलले तयार पारेको प्रतिवेदन कार्यन्वयन गर्न ताकेता गरेको, माननीय मन्त्री स्तरको निर्णयले उपसमिति बनाई कार्य गर्न सक्ने र बालकृष्ण पन्थीले पेश गरेको प्रतिवेदनका सन्दर्भमा ठोस सुझावसहित पेश गर्न लेखी आएको, तत्कालिन गृह सचिव टेकनारायण पाण्डेले प्रतिवेदन कार्यान्वयन गर्न फोन गरी एक जना दुलाल नामको नेता आउँछ, उनको कुरा सुनी दिनु भनेका थिए।

**कृष्णप्रसाद शर्माः** म कार्यरत शाखाको चलानी नं. ८४० मिति २०८०।१।२६ गतेको पत्रसाथ प्राप्त हुन आएको प्रतिवेदन र गृह मन्त्रालयको सोही शाखाको चलानी नं. ८४३ मिति २०८०।१।२६ गतेको पत्रसाथ प्राप्त हुन आएको मन्त्रिपरिषदबाट फिर्ता आएको प्रतिवेदनहरु

मध्ये चलानी नं. ८४३ मिति २०८०।१।... मितिको पत्रसाथ प्राप्त हुन आएको मन्त्रिपरिषदबाट फिर्ता आएको कार्यदलले पेश गरेको प्रतिवेदन नै आधिकारिक प्रतिवेदन हो।

**प्रेमकुमार गौतमः** (शमसेर मियाँको सवारी चालक) शमसेर मियाँले भने अनुसार २०७८ साल जेष्ठको अन्तिम हप्ता गाडी नवंजियन एम्वेसी अगाडिको टकबुमार गुरुङको रेष्टुरेण्टमा राखी चावी दिएको र १ हप्ता पछि गाडी लिन जाँदा गाडीको चेक लाईट बलिरहेको, चावी गाडीमै रहेको, गाडी ताने र पिकअप नलिने अवस्थामा थियो।

**दुर्गाबहादुर रानाः** म डा. इन्द्रजित राईको सुरक्षा अधिकृत रहेको थिएँ। २०७४ सालदेखि गृह मन्त्रालयमा कार्यरत थिए। प्रतिवादीहरु सानु भण्डारी, केशवप्रसाद दुलाल, टोपबहादुर रायमाझी, डा. इन्द्रजित राईको कार्यकक्षमा बारम्बार आउँने गर्दथे। २०७७ साल श्रावण भदौ तिर निजहरुका बीच विवाद हुँदा म समेतले छुटयाएको थिए। त्यसबेला डा. इन्द्रजितले यिनीहरुलाई भित्र पस्न नदिनु भएका थिएँ। विवादको सम्बन्धमा बुझ्दा नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई लैजाने भनी जाहेरवालाहरुसँग लिएको रकमका सम्बन्धमा विवाद भएको रहेछ।

**गौतम गिरीः** २०७८ साल जेष्ठ चौथो हप्तामा बा. १ झ. १५८१ नं. को गाडी लिएर चितवनको सौराहाको भिजन होटल पुगेको थिएं। भोली पल्ट बायोमेट्रिकको काम पूरा गरी आकाश रेग्मीमार्फत सन्देश शर्माले बण्डलका-बण्डल रकम बुझेका थिएँ। उक्त रकम दुई वटा सेतो प्लाष्टिकका बोरामा राखेको मैले देखेको हुँ। सन्देश शर्मले उक्त बोरा गाडीमा राख भनेकोले मैले एउटा बोरा उक्त गाडीमा राखेको हुँ र अर्को नाम थाहा नभएको व्यक्तिले गाडीमा राखेका हुन्।

**झम्पडबहादुर खत्रीः** सन्देश शर्मा परिचित व्यक्ति भएकोले निजले २०७८ साल जेठको २४।२५ गते तिर फोन गरी बोलाएकोले म निजलाई भेट्न गएँ। निजले मेरो गाडी लिएर चितवन जाँउ भनेकोले मैले निजको गाडी लिई चितवनको भिजन होटलमा गए। भोलीपल्ट बायोमेट्रिक गर्न आएका ४०।५० जनाको बायोमेट्रिक गर्न सरकारी कर्मचारी हौं भनी हरि महर्जन, तामाङ थर भएका व्यक्ति र सन्देश शर्माले सरकारी लुगा लगाई, घाँटीमा गृह मन्त्रालयको कार्ड लगाई तीन दिन बायोमेट्रिक गरे, निजहरुबाट संकलित रकम सेतो बोरामा राखिएको थियो। सन्देश शर्माले कालो गाडी प्रेम गिरीले लान्छ, तिमी सरकारी गाडी लिएर जाउ, सामान गाडीमा राख भनेकोले मैले र हरी महर्जनले एउटा पैसाको बोरा र गौतम गिरीले अर्को पैसाको बोरा गाडीमा राखेका हुन्। मैले सरकारी गाडी चलाई काठमाडौं आएँ, ललितपुरस्थित महालक्ष्मीस्थानमा पुगेपछि उक्त पैसाको बोरा र सुटकेश हरी महर्जन र तामाङ थरका साथीले लिएर गएँ।

**राजु भण्डारीः** आङटावा शेर्पाले तपाईको भाई सानु भण्डारी प्रतिवादी भएको मुद्दाका सम्बन्धमा कुरा मिलाउनु छ। सोही कारण नरेन्द्र के. सी. सँग भेट गराउन लागेको भनी आङटावा शेर्पाले मलाई काठमाडौंको चुच्चेपाटीको होटलमा बस्न लगाएको हो।

**UNHCR (United Nations High Comissioner for Refugees) को पत्रः** In respone to your queries in your letter of 18 May, UNHCR Has not Issued any "Notices, statements, or written correspondence" regarding to fraud, other then to respond to media queries addressed to us. We have made the following statements to the Media since 10 may 2023 on an "if asked" basis: UNHCR expresses deep concerns about the latest reports of Nepalese citizens being duped and defrauded. we welcome the government of Nepal investigation into this Scam. The group resettlement program of refugees from Bhutan ended on 31 December 2016 and will not resume again. UNHCR has consistently communicated about the end of the resettlement program.

CamScanner

मिसिल संलग्न गृह मन्त्रालयको प्रशासन तथा प्रदेश समन्वय शाखाबाट च. नं. ८४०
मिति २०८०।१।२६ को पत्रसाथ प्राप्त प्रतिवेदन र च. नं. ८४३ मिति २०८०।१।२६ को
पत्रसाथ प्रतिवेदन प्राप्त भएको र सो प्रतिवेदनका सम्बन्धमा तत्कालीन गृह मन्त्रालयका उप-सचिव
कृष्णप्रसाद शर्माले अनुसन्धानका क्रममा च. नं. ८४३ को पत्रसाथ प्राप्त प्रतिवेदन मन्त्रिपरिषद्बाट
आएको कार्यदलले पेश गरेको आधिकारिक प्रतिवेदन हो भन्ने उल्लेख गरेको पाइन्छ। उक्त दुवै
प्रतिवेदनहरूलाई भिडाई हेर्दा र गृह मन्त्रालयको च. नं. ८४३ मिति २०८०।१।२६ गतेको
निर्णय र प्रतिवेदन सम्बन्धी पत्रको व्यहोरा हेर्दा १. मिति २०७८।८।१३ गतेको मन्त्रिपरिषद्को
प्रस्तावसाथ पठाइएको प्रतिवेदनमा गृह मन्त्री र गृह सचिवको तोक आदेश भएको र यस
मन्त्रालयको अभिलेखमा रहेको च. नं. ८४० मिति २०८०।१।२६ को पत्रसाथ पठाइएको
प्रतिवेदनमा तोक आदेश नभएको, २. मिति २०७८।८।१३ को मन्त्रिपरिषदको प्रस्तावसाथ
पठाइएको प्रतिवेदनमा अनुसूचीको खण्डमा रहेको अनुसूचीहरुको तालीकामा रहेको अनुसूची ९
सम्म मात्र देखिएको र यस मन्त्रालयको अभिलेखमा रहेको च. नं. ८४० मिति २०८०।१।२६
को पत्रसाथ पठाइएको प्रतिवेदनमा अनुसूचीको खण्डमा अनुसूचीहरुको तालीकामा अनुसूची १०
सम्म रहेको देखिएको, ३. पृष्ठ ३ को ६ नं बुँदामा अन्तिम वाक्यको व्यहोरा फरक/थप भएको
४. पृष्ठ १० को २.५ नं बुँदामा फरक व्यहोरा देखिएको, ५. पृष्ठ १३ को क नं. बुँदामा फरक
व्यहोरा देखिएको, ६. पृष्ठ १३ को क र ज नं. को बुँदामा फरक व्यहोरा देखिएको, ७. पृष्ठ १४
को क र आ नं. बुँदामा फरक व्यहोरा देखिएको, ८. पृष्ठ १४ को ग: बुँदाको दोश्रो प्याराग्राफमा
फरक व्यहोरा देखिएको, ९. पृष्ठ १६ को ३.६ अन्तर्गत ३.६-१ र ३.६-२ नं. बुँदामा फरक
व्यहोरा देखिएको, १०. पृष्ठ १७ मा फरक व्यहोरा देखिएको, ११. पृष्ठ १८ को निष्कर्षमा फरक
व्यहोरा देखिएको भन्ने उल्लेख भएको पाइन्छ। कार्यदलका संयोजक बालकृष्ण पन्थीले अनुसन्धानका
क्रममा मिति २०७६।७।१ मा पेश भएको प्रतिवेदनको केही खण्ड र भाग परिवर्तन गरिएकोछ।
प्रतिवेदनको बुँदा नं. २.६ (आ) को व्यहोरा पूर्ण रुपमा फरक छ। अन्य विभिन्न ठाँउमा र
निष्कर्षमा फरक छ। अनुसुची १० थपिएको छ भनी लेखाएको पाइन्छ। साथै उक्त दुवै
प्रतिवेदनहरु एक अर्कामा भिडाई हेर्दा मिति २०७८।८।१३ को मन्त्रिपरिषदको प्रस्तावसाथ
पठाइएको प्रतिवेदन र गृह मन्त्रालयको अभिलेख शाखामा रहेको च. नं. ८४० मिति
२०८०।१।२६ को पत्रसाथ प्राप्त प्रतिवेदनको व्यहोरामा धेरै ठाँउमा फेरबदल गरी फरक
पारिएको देखिएकोछ।

अब प्रस्तुत मुद्दाको पुर्पक्ष गर्दा प्रतिवादीहरूलाई थुनामा राख्ने या प्रतिवादीहरुबाट धरौट
माग गर्ने वा साधारण तारेखमा राख्ने भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो। प्रतिवादीहरु मध्येका
बालकृष्ण खाँण, टेकनारायण पाण्डे, टोपबहादुर रायमाझी र डा. इन्द्रजित राईका सम्बन्धमा विचार
गर्दा निजहरु तत्कालीन समयमा सरकारी उच्च तहमा रहेका अधिकारीहरु देखिन्छन्।

प्रतिवादी बालकृष्ण खाँणका हकमा विचार गर्दा, निज तत्कालीन गृह मन्त्री रहेको
देखिन्छन्। बालकृष्ण पन्थी संयोजक रहेको कार्यदलले भुटानी शरणार्थी समस्याको स्थायी र
दीर्घकालिन समस्या समाधानका उपायका सम्बन्धमा २०७६ सालमा प्रतिवेदन बुझाइएको,
शरणार्थीहरुको दर्ता प्रकृया र पुनर्स्थापना गराउने कार्य ३१ डिसेम्बर २०१६ मा नै बन्द भएको
भन्ने UNHCR ले जानकारी गराएको, UNHCR joint verification Team ले Verify गरेका ४२९

जनाको नाम नै विवादित रहेको अवस्थामा तत्थी प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रिपरिषदमा पेश गर्न मिति २०७८।८।१२ मा स्वीकृति दिएको, मिति २०७८।६।१४ गते पुनः छुट शरणार्थीका विवरण पेश गर्न कार्यदल गठन गराएको, कार्यादेश थप भएको र सो कार्यदलको अवधि व्यतित भएपछि पनि निजले नै दुई महिनाको म्याद थप गरेको देखिएको। निज बालकृष्ण खाँण गृह मन्त्री रहेका बखत मन्त्री परिषदबाट प्राप्त भएको प्रतिवेदनसँग मिल्ने अर्को नक्कली समानान्तर प्रतिवेदन गृह मन्त्रालयमा तयार भएको, जाहेरवाला प्रेमराज पन्थीको जाहेरी व्यहोरामा पीडितहरुले रकम फिर्ता गर्न दवाव दिएकोले केशवप्रसाद दुलालले गृह मंन्त्री हाम्रै मान्छे हुन, गृह मन्त्री र गृह सचिवसँग कुरा भई रहेको छ, अब रकम फिर्ता गर्ने होइन, अमेरिका जाने हो भन्ने उल्लेख गरेको, केशवप्रसाद दुलाल र टेकनारायण पाण्डेका बीचको सम्वाद र टेकनाराण पाण्डेको मौकाको बयानसमेतबाट प्रतिवादीको कसूरमा सम्लग्नता रहेको देखियो।

प्रतिवादी **टेकनारायण पाण्डेका** हकमा विचार गर्दा, तत्कालीन गृह मन्त्रालयको सचिव रहेको देखिन्छन्। शरणार्थीहरुको दर्ता प्रकृया र पुनर्स्थापना गराउने कार्य ३१ डिसेम्वर २०१६ मा नै बन्द भएको र UNHCR joint verification Team ले Verify गरेका ४२९ जनाको नाम विवादित रहेको भन्ने उल्लेख गरेको अवस्थामा निजले सचिव स्तरिय निर्णयबाट पुनः छुट शरणार्थीको विवरण पेश गर्न कार्यदल गठन गरेको र म्याद थप भएपछि थप कार्यादेश दिएको भन्ने देखिएको, मन्त्रिपरिषदबाट प्राप्त भएको प्रतिवेदनसँग मिल्ने अर्के नक्कली समानान्तर प्रतिवेदन निज सचिव भएका बखत तयार भएको देखिएको, प्रतिवेदनका सम्वन्धमा निजको अस्वभाविक चासो रही निजले ४।५ दिनसम्म प्रतिवेदन राखेको भन्ने तत्कालीन सम्वन्धित फाँटमा कार्यरत सन्तोष प्रधानले कागज गरेको र प्रतिवेदनमा तत्कालिन गृह सचिवको अस्वाभाविक चासो रहेको भन्ने गृह मन्त्रालयका तत्कालीन सहसचिव फणिन्द्रमणि पोखरेल र सागरमणि पाठकको कागजबाट देखिएको, जाहेरवाला प्रेमराज पन्थीको जाहेरी ब्यहोरामा केशवप्रसाद दुलालले टेकनारायण पाण्डेलाई फोन गरी फोन ह्यान्डसफ्रीमा राख्दा टेकनारायण पाण्डेले जसरी भएपनि काम गरिदिन्छु भनेको भन्ने उल्लेख गरेको, प्रतिवादी केशवप्रसाद दुलाल र यी प्रतिवादी टेकनारायण पाण्डेका बीच भएको सम्वादसमेतबाट यी प्रतिवादीको आरोपित कसूरमा सम्लग्नता रहेको भन्ने देखियो।

प्रतिवादी **टोपबहादुर रायमाझीका** हकमा बिचार गर्दा, प्रतिवादी सानु भण्डारीले मौकामा बयान गर्दा रु १,६०,००,०००।(एक करोड साठी लाख) नगद र रु. ४०,००,०००। (चालिस लाख) निजको छोरा सन्दिप रायमाझीलाई बैङ्किङ प्रणालीमार्फत दिएको भन्ने उल्लेख गरेको, सानु भण्डारीको घरबाट बरामद भएको डायरीमा यी प्रतिवादीलाई विभिन्न मितिमा रकम दिएको भन्ने उल्लेख भएको देखिन्छ। जाहेरवाला प्रेमराज पन्थीको जाहेरी ब्यहोरामा टंककुमार गुरुङको रेस्टुरेन्टमा टोपबहादुर रायमाझी, निजको पि.ए. लिला जि.सी., केशवप्रसाद दुलाल, सानु भण्डारी र भेषराज शर्मासमेतले घण्टौ मिटिङ गरी अब तपाईहरुको काम हुन्छ भनेका र बानेश्वरको एभरेष्ट होटलमा टोपबहादुर रायमाझीले टेन्सन नलिनु तपाईहरुको काम पक्का हुन्छ भनेको र संसद बिघटन भएपछि सरकार परिवर्तन भएकोले अब हाम्रो सरकार आएपछि मात्र तपाईहरुको काम हुन्छ भन्ने उल्लेख गरेको, सहप्रतिवादीहरु सानु भण्डारी, केशवप्रसाद दुलाल र टेकनाथ रिजालको बयानसमेतबाट यी प्रतिवादीको आरोपित कसूरमा सम्लग्नता रहेको देखियो।



CamScanner

प्रतिवादी डा. इन्द्रजित राईको हकमा विचार गर्दा, निजका सम्बन्धमा मुख्य अभियुक्त इन्द्रबहादुर रानाले अनुसन्धानका क्रममा दिएको बयानमा सानु भण्डारी, केशवप्रसाद दुलाल र टोपबहादुर रायमाझी, डा. इन्द्रजित राईको कार्यकक्षमा निजसँगका बीच भेट हुँदा भएको प्रबन्धमा मैले भेटाएको हो, विवादको सम्बन्धमा यस्ता नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई लैजाने भनी जाहेरवालाहरूसँग लिएको रकमका सम्बन्धमा विवाद भएको हुँदै भनी लेखाएको, सानु भण्डारीका घरबाट बरामद डायरीको पाना २१-४ मा प्रतिवादी इन्द्रजित राईका छोरा निरज राई र प्रतिवादी डा. इन्द्रजित राईसमेतलाई, मिति २०७६।३।२ गतेदेखि २०७६।३।२६ गतेसम्म तीन पटक (भुटानी शरणार्थीका लागि खर्च भएको विवरण) शिर्षकमा जम्मा रु. १,५०,००,०००।(एक करोड पचास लाख) नगद दिएको भन्ने उल्लेख गरेको, प्रतिवादी सानु भण्डारीले मौकाको बयानमा प्रतिवादी डा. इन्द्रजित राईलाई रु. १,५०,००,०००।(एक करोड पचास लाख। नगद, त्रिपुरेश्वर स्थित निजको घरमा नगद रु. १,००,००,०००।(एक करोड) दिएको, हिमालय होटलमा रु. २,००,००,०००। (दुई करोड) बुझाएको भन्ने उल्लेख गरेका देखिनुका साथै सहप्रतिवादीहरु टेकनाथ रिजाल र टोपबहादुर रायमाझीको बयानसमेतबाट यी प्रतिवादीको कसूरमा सम्लग्नता रहेको देखिन आयो।

अब प्रतिवादीहरु टेकनाथ रिजाल, रामशरण के. सी., सन्दिप रायमाझी, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, विक्रम भन्ने गोविन्द चौधरी, नरेन्द्र के. सी., शमशेर मियाँ, आङटावा शेर्पा, सन्देश शर्मा, टेककुमार गुरुङ, हरिभक्त महर्जन र लक्ष्मी महर्जनका हकमा विचार गर्नु पर्ने देखियो।

प्रतिवादी टेकनाथ रिजालका हकमा विचार गर्दा, टेकनाथ रिजाल भुटानी शरणार्थीका नेता रहेको देखिन्छन्। निजले सहप्रतिवादी रामशरण के. सी. लाई अब नेपालीलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजाने कार्य हुन्छ भनी विश्वास दिलाएको देखिएको, ३४ जना नेपालीहरुलाई भुटानी शरणार्थीको कार्ड (परिचय पत्र) Bhutan Human Right Organization को Membership Card मा हस्ताक्षर गरेको भन्ने सहप्रतिवादी रामशरण के. सी.को बयानबाट र केही परिचयपत्रमा सही गरेको तथ्य निजले नै स्वीकार गरेको देखिएको, सहप्रतिवादी रामशरण के. सी. ले यी प्रतिवादी टेकनाथ रिजाललाई रु. ११,००,०००। (एघार लाख) झापा स्थित निजको घरमा बुझाएको भनी मौकाको बयानमा उल्लेख गरेको र सो बयानलाई सानु भण्डारीबाट बरामद भएको डायरीमा उल्लेखित व्यहोराले पुष्टि गरेको देखिँदा निजको कसुमा सम्लग्नता रहेको देखियो।

प्रतिवादी रामशरण के. सी. का हकमा हेर्दा, प्रतिवादी रामशरण के. सी., प्रतिवादीहरु केशवप्रसाद दुलाल र सानु भण्डारीसँग मिली नेपालीहरुलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजाने कार्यका योजनाकार हुन् भनी सहप्रतिवादी टेकनाथ रिजालले बयानका क्रममा उल्लेख गरेको देखिएको, यी प्रतिवादीले जाहेरवालाहरुबाट सङ्कलित रकम सानु भण्डारीलाई बैंकमार्फत रु. १ करोड ३४ लाख, केशवप्रसाद दुलालमार्फत प्रतिक थापालाई रु. १ करोड ५० लाख, टेकनाथ रिजाललाई रु. ११ करोड दिएको भन्ने उल्लेख गरेको र निजले जाहेरवालाबाट रकम लिएको तथ्य मिसिल संलग्न बैंक स्टेटमेन्टबाट देखिएकोले निजको कसूरमा संलग्नता रहेको देखियो।

प्रतिवादी सन्दिप रायमाझीका हकमा विचार गर्दा, यी प्रतिवादीले नियाग ट्रेडर्स कम्पनी सञ्चालन गरेको देखिन्छ। सो कम्पनीमा सानु भण्डारी पार्टनरसमेत रहेको भन्ने कम्पनीको

रजिष्ट्रारको कार्यालयबाट जवाफ प्राप्त भएको कम्पनीको सानु भण्डारीले यी प्रतिवादीको बैंक खातामा एक पटक रु. २०,००,०००। (बीस लाख) जम्मा गरेको र अर्को पटक रु. २०,००,०००। (बीस लाख) निजको निजी खातामा जम्मा गरेको देखिएकोले कम्पनीको कारोबारका सम्बन्धमा सानु भण्डारीले उक्त रकम जम्मा गरेको भन्ने तथ्य सानु भण्डारीको बयानबाटसमेत पुष्टि भएको देखिएन। यसबाट यी प्रतिवादीको कसूरमा सम्लग्नता रहेको देखियो।

प्रतिवादी केशवप्रसाद दुलालका हकमा विचार गर्दा, सानु भण्डारीका घरबाट बरामद भएको डायरीमा जाहेरवालाहरुबाट उठाएको रकम यी प्रतिवादीमार्फत सानु भण्डारीलाई दिएको देखिएको, सरकारी निर्णयहरु, कागजाहरु र विवरणहरु प्राप्त गर्ने, जाहेरवालाहरुको बायोमेट्रिक गराउने, जाहेरवालाहरुबाट प्राप्त रकम निजकी पत्नी दिपा हुमागाईको बैङ्क खातामा जम्मा गराएको, शरणार्थी शिविरमा गई मन्त्रालयको पत्र कार्यान्वयन गर्न लगाएको, यी प्रतिवादी उपर प्रेमराज पन्थीले दिएको जाहेरीमा निजलाईसमेत रकम दिएको विवरण उल्लेख गरी किटानी जाहेरी दिएको, सहप्रतिवादी रामशरण के. सी., टेकनाथ रिजालले बयानको क्रममा यी प्रतिवादीलाई पोल गरेको देखिएको, यी प्रतिवादी र टेकनारायण पाण्डेका बीचको सम्वाद र निज उपर विभिन्न जाहेरवालाहरुको किटानी जाहेरीसमेतका आधारमा यी प्रतिवादीको आरोपित कसूरमा सम्लग्न रहेको देखियो।

प्रतिवादी सानु भण्डारीका हकमा विचार गर्दा यी प्रतिवादीको घरबाट बरामद ३०१-६ नाबिल बैंक लेखिएको भुटानी शरणार्थीको रकम खर्च भएको शिर्षकमा निरज राईलाई रु ५०,००,०००। (पचास लाख), निजलाई पुनः रु ३५,००,०००। (पैतीस लाख), टोपबहादुर रायमाझीलाई रु ८,००,०००। (आठ लाख), निरज राई र डा. इन्द्रजित राईलाई रु. ६५,००,०००। (पैसठ्ठी लाख), जाहेरवालाहरुबाट उठाएको विभिन्न रकमको आय व्यय उक्त डायरीमा देखिएको, शरणार्थी शिविरमा गई मन्त्रालयको पत्र कार्यान्वयन गर्न लगाएको, यी प्रतिवादी उपर प्रेमराज पन्थीले दिएको जाहेरीमा निजलाईसमेत रकम दिएको विवरण उल्लेख गरी किटानी जाहेरी दिएको, सहप्रतिवादी रामशरण के. सी. र टेकनाथ रिजालले प्रतिवादी सानु भण्डारीलाई पोल गरी बयान गरेको र निज उपर विभिन्न जाहेरवालाहरुको किटानी जाहेरी परेको देखिंदा निजको कसूरमा सम्लग्नता रहेको देखियो। प्रतिवादी सागर राईका हकमा हेर्दा रोशन खरेलबाट पटक पटक गरी निजको खातामा रु. १ करोड २० लाख लिएको देखिएको, जाहेरवाला गोकुल भट्टराईबाट रु. ४८ लाख लिएर प्रतिवादीहरु केशवप्रसाद दुलाल र सानु भण्डारीलाई दिएको भन्ने देखिएको, यी प्रतिवादी उपर रविन्द्र कार्कीसमेतको किटानी जाहेरी परेको देखिंदा यी प्रतिवादीको कसूरमा सम्लग्नता रहेको देखियो।

प्रतिवादी विक्रम भन्ने गोविन्द चौधरीका हकमा विचार गर्दा, जाहेरवालाहरु सुमन दाहाल, विकाश फुयल र दामु पौडेलसमेतबाट भुटानी शरणार्थी बनाई अमेरिका लैजान भनी रु. २४ लाख ७७ हजार लुम्बिनी विकाश बैंकमा जम्मा गर्न लगाएको र अन्य प्रतिवादीहरुसँग रकम उठाई प्रतिवादीहरु केशवप्रसाद दुलाल र सानु भण्डारीलाई दिएको भनी निजले बयानमा खुलाएको, यी प्रतिवादीका आफन्तहरु घनश्याम खत्री, विकास फुयालसमेतका व्यक्तिहरुबाट विभिन्न मितिमा रु. १ करोड ४० लाख रकम लिएको मिसिलबाट देखिंदा यी प्रतिवादीको कसूरमा सम्लग्नता रहेको देखियो।

प्रतिवादी नरेन्द्र के. सी. का हकमा विचार गर्दा, यी प्रतिवादी गृह मन्त्री ज्यूका तत्कालिन अवस्थाका स्वकीय सचिव रहेको देखिन्छ। यी प्रतिवादी र बालकृष्ण खाँडबाट बरामद भएको कागजमा उल्लेखित लिखतको ब्यहोरा, केशवप्रसाद दुलाल र टेकनारायण पाण्डेका बीचमा भएको सम्वादमा नरेन्द्र जीले पनि आशा गर्लान, ५ दिंदा हुन्छ भनी केशव दुलालले सोधेकोमा टेकनारायण हुन्छ भनी जवाफ दिएको, आङटावा शेर्पाले घटना विवरण कागज गर्दा नरेन्द्र के. सी. ले मेरा घरमा आई पटक पटक मलाई दिएको नगदै रकम एक करोड सानु भण्डारीबाट लिएको रकम फिर्ता गरेको हो। सो रकम नेपाली नागरिकहरुलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका लैजाने भनी लिएको रकम मध्येकै रकम हो भनी लेखाएको देखिन्छ। प्रतिवादी सानु भण्डारीका दाजु राजु भण्डारीले अनुसन्धानका क्रममा गरेको कागजसमेतबाट यी प्रतिवादीको कसूरमा संम्लग्नता रहेको भन्ने देखियो।

प्रतिवादी **शमशेर मियाँका** हकमा विचार गर्दा, निजलाई नेपाल सरकारले उपलब्ध गराएको बा. १ झ. १५८१ नम्वरको सरकारी गाडी सहप्रतिवादी सन्देश शर्मालाई दिएको र सो गाडीमा मिति २०७६।२।२७।२८ गते तिर चितवनको सौराहको भिजन होटलबाट जाहेरवालाहरुको बायोमेट्रिक गरी उठाएको ठूलो रकम सोही गाडीमा राखी काठमाडौं ल्याएको भन्ने झपटबहादुर खत्रीको कागजबाट देखियो। उक्त गाडी एक दिन मात्र नदिएर सात दिनसम्म भन्दा बढी समयसम्म प्रयोग गर्दा दिई संरकारी सुविधाको गाडीको चरम दुरुपयोग गरी आरोपित कसूरमा सहयोग गरेको देखियो।

प्रतिवादी आङटावा शेर्पाका हकमा विचार गर्दा, निजले प्रहरी हिरासतमा रहेका प्रतिवादीहरु केशव दुलाल र सानु भण्डारीलाई भेटेर पीडितहरुको रकम फिर्ता गरी देउ, तत्काल फिर्ता गर्न नसके फिर्ता गर्ने गरी कागज गरेर मिलाउन सकिन्छ। हिराशतमा बसेर मुद्दा मामिला गरेर फाइदा हुँदैन भनेको भनी बयान गरेको, केशव दुलालसँग कुरा गर्दा बालकृष्ण खाँणलाई पोल नगर्ने र बालकृष्ण खाँणले उनीहरुबाट लिएको रु. १,२५,००,०००। बयानमा खुलाउने र रकम फिर्ता दिई निजको बारेमा नबोल्ने कुरामा सहमति भएको भन्ने भिडियोमा उल्लेख गरेको देखिएको, निजको पोलीग्राफ जाँच हुँदा निजको इन्कारी बयान झुठो देखिएको, यी प्रतिवादी उपर पेम्वा शेर्पासमेतको किटानी जाहेरी परेको देखिएको, प्रतिवादीको कुमारी बैकको खातामा जाहेरवालाहरुले नगद रु. ५४,००,०००। जम्मा गरेको भन्ने जाहेरी ब्यहोराबाट देखिएको र यी प्रतिवादीको घरबाट बरामद भएको डायरीमा रु. ३०,००,०००। सानु भण्डारीको दाजु राजु भण्डारीलाई दिएको तथ्यमा इन्कारी बयान गरेपनि डायरीमा लेखिएको हस्ताक्षर निजकै भएको परीक्षण प्रतिवेदनबाट देखिएको र अनुसन्धान अधिकृतसमक्ष गरेको कुराकानी भिडियो रेकर्ड देखे, सो कुरा मैले बेहोसी र करकापमा गरेको हो भनेपनि निजको सो भनाई मिसिल सम्लग्न प्रमाणबाट समर्थित भएको नदेखिंदा निजको कसूरमा सम्लग्नता रहेको देखियो।

प्रतिवादी **सन्देश शर्माका** हकमा विचार गर्दा, निजले Whatsapp बाट गृह मन्त्रालय, श्रम मन्त्रालय र नेपाल सरकारका विभिन्न निकायहरुबाट भुटानी शरणार्थी सम्बन्धी निर्णयहरु, सो सँग सम्बन्धित समाचारहरु, भुटानी शरणार्थी सम्बन्धी लिङ्कहरु, बिभिन्न ब्यक्तिहरु समावेस भएको शरणार्थीहरुको नामावली विवरण, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयकापत्रहरु, शरणार्थीहरुको परिचयपत्रहरु, निजले जाहेरवालाहरुबाट उठाएको रकम केशव तुलाधर र लक्ष्मी

महर्जनका नाममा जम्मा गरेको, बायोमेट्रिक गर्न चितवनको सौराहा गई बायोमेट्रिक गर्ने कर्मचारीबाट रकम बुझेको भन्ने अनुसन्धानका क्रममा घटना विवरणमा कागज गर्ने गौतम गिरी र झप्पडबहादुर खत्रीको कागज र जाहेरवालाहरु सुष्मा चन्द र मनबहादुर खत्रीसमेतको किटानी जाहेरीसमेतबाट यी प्रतिवादीको कसूरमा सम्लग्ता रहेको देखियो।

प्रतिवादी टंककुमार गुरुङका हकमा विचार गर्दा, यी प्रतिवादीले ललितपुर स्थित नर्वेजियन एम्बेसीको अगाडि रेष्टुरेण्ट सञ्चालन गरेको र निजले सञ्चालन गरेको होटलमा प्रतिवादी शमशेर मियाँले सरकारी सुविधा बापत प्राप्त गरेको बा. १ झ. १५८१ नम्बरको गाडी शमशेर मियाँका ड्राइभर प्रेमकुमार गौतमले सोही रेष्टुरेण्टमा छाडेको र सो गाडी बायोमेट्रिक प्रयोजनका लागि चितवनको सौराहा लगेको भन्ने झप्पडबहादुर खत्रीको कागजबाट देखिन्छ। यी प्रतिवादी केशव तुलाधरका घरबेटी भएकोले निजको रेष्टुरेण्टमा प्रतिवादीहरु लगायत अन्य व्यक्तिहरु जाने गरेकोसम्म देखिएकोछ। यी प्रतिवादी उपर जाहेरवाला गजेन्द्र बुढाथोकीको जाहेरी परेको र निजकोसमेत मिलेमतोमा ठगी गर्ने कार्य गरी गृह मन्त्रालयको पत्रका आधारमा करोडौं रकम उठाई जाहेरवाला नेपालीहरुलाई नक्कली भुटानी बनाई अमेरिका लैजाने कार्यमा निजको सम्लग्नता रहेको भन्ने अभियोगपत्र रहेको देखियो।

प्रतिवादी हरिभक्त महर्जनका हकमा विचार गर्दा, सन्देश शर्मासमेतले लक्ष्मी महर्जनका नामको हिमालयन बैंकको खातामा जम्मा गरेको रकम ips Connect गरी र केशव तुलाधरका नाममा रहेको सिद्धार्थ बैंकमा रहेको रकम निजले लुम्बिनी बिकाश बैंकमा पठाएको देखिएकोछ। अनुसन्धानका क्रममा बुझिएका झप्पडबहादुर खत्रीको कागजबाट यी प्रतिवादी बायोमेट्रिक गराउन चितवनमा सरकारी पोसाक र घाँटीमा गृह मन्त्रालय लेखिएको कार्ड लगाई फोटो खिच्ने काम गरेको भन्ने देखिएको,चितवनबाट रकम राखेको गाडीमा संगै आएको रु ललितपुरको महालक्ष्मीस्थानमा उक्त रकम र सुटकेश गाडीबाट झारी लिई गएको भन्ने उल्लेख गरेको देखिंदा यी प्रतिवादीको कसूरमा सम्लग्नता रहेको देखियो।

अब प्रतिवादी लक्ष्मी महर्जनका सम्बन्धमा विचार गर्दा, जाहेरवाला गजेन्द्र बुढाथोकीले निजका नाममा रहेको हिमालयन बैंकको खातामा रकम पठाएकोमा निजले आफ्नो पति हरिभक्त महर्जनलाई Password दिएको र हरिभक्तले निजको खाताको रकम हस्तान्तरण गरेको देखिँदा निजको बैक खाताको दुरुपयोग भई कसूरमा सम्लग्ता रहेको भन्ने देखियो।

यस अदालतमा प्रतिवादीहरुको बयान मात्र सम्पन्न भएकोमा सो बयान र अनुसन्धानका क्रममा सङ्कलित सबूद प्रमाणहरुको मूल्याङ्कन र परीक्षण हुन बाँकी नै रहेतापनि प्रमाण ऐन, २०३१ को दफा १८ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बमोजिम शुनछेकको प्रयोजनका लागि अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान, अनुसन्धानका क्रममा भएका मुचुल्काहरु र सोमा उल्लेखित कुराहरुलाई प्रमाणमा ग्रहण गर्न मिल्ने कानूनी व्यवस्था भएको पाइन्छ। प्रतिवादीहरुले जाहेरवालाहरुबाट रकम उठाउने, बायोमेट्रिक गराउने, मेडिकल गराउने र गृह मन्त्रालयमा पन्थी प्रतिवेदनको समानान्तर हुने गरी तहगत रुपमा नक्कली प्रतिवेदन बनाई कानून प्रतिकूलको कार्य गरेको देखिएको छ।

माथि उल्लेखित प्रतिवादीहरु उपरको जाहेरी दरखास्त, प्रतिवादीहरुले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, सहप्रतिवादीहरुको पोल, सानु भण्डारीका घरबाट बरामद भएको

डायरीलाई मौकाको बयानमा सानु भण्डारीले स्वीकार गरेको, बरामद भएका सिडीहरु, पेन ड्राइभहरु, सुनाखरी मुचुल्काहरु, बरामद भएको डायरीहरु, बरामद भएका बस्तुहरुको परीक्षण प्रतिवेदन, घटना विवरणमा कागज गर्ने व्यक्तिहरुले, अनुसन्धानको क्रममा लेखाएका व्यहोराहरु, मिसिल सम्लग्न Organized Crime Network-Nodes & Ties, मिसिल सम्लग्न बैंक स्टेटमेन्टहरु लगायतका तत्कालप्राप्त प्रमाणहरुबाट यी प्रतिवादीहरु हाल कसुरदार होइनन् भन्न सकिने अवस्था देखिएन। पछि थप प्रमाण बुझ्दै र अदालतले परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रस्तुत मुद्दाको रोहमा प्रतिवादीहरु टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, टेकनारायण पाण्डे, डा. इन्द्रजित राई, टेकनाथ रिजाल, रामशरण के. सी., सन्दिप रायमाझी, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, विक्रम भन्ने गोविन्द चौधरी, नरेन्द्र के. सी., सन्देश शर्मा, शमशेर मियाँ, हरिभक्त महर्जन र आङटावा शेर्पा कसुरदार रहेको देखिदाँ निजहरुले नेपाली नागरिकहरुलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने गरेको कसुरको गाम्भिर्यता र निजहरुलाई हुन सक्ने सजायसमेतलाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दाको रोहमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को देहाय खण्ड (ख) र संगठित अपराध नियन्त्रण ऐन, २०७० को दफा ४१ बमोजिम प्रतिवादीहरुलाई हाल थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न मनासिब आधार रहेको देखिंदा प्रतिवादीहरु टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, टेकनारायण पाण्डे, डा. इन्द्रजित राई, टेकनाथ रिजाल, रामशरण के. सी., सन्दिप रायमाझी, केशवप्रसाद दुलाल, नरेन्द्र के. सी., सानु भण्डारी, सागर राई, विक्रम भन्ने गोविन्द चौधरी, शमशेर मियाँ, सन्देश शर्मा, हरिभक्त महर्जन र आङटावा शेर्पालाई ऐ. संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा कानूनबमोजिम थुनामा राख्न पठाई दिनु।

साथै प्रतिवादीहरु लक्ष्मी महर्जन र टंककुमार गुरुङको आरोपित कसूरमा सम्लग्नता रहेतापनि निजहरुले गरेको कसूरको गाम्भिर्यता, वारदातको अवस्था, प्रकृति र स्वरुपसमेतलाई दृष्टिगत गर्दा निजहरुबाट धरौट माग गरी मुद्दाको पुर्पक्ष गर्नु उपयुक्त हुने देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिबादी लक्ष्मी महर्जनबाट रु. ५,००,०००। (पाँच लाख) र प्रतिवादी टंककुमार गुरुङबाट रु. १०,००,०००। (दश लाख) नगद वा सो बराबरको जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दाको पूर्पक्ष गर्न कानून र विवेक सम्मत देखिएकोले सो दिए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७४ अनुसारको शर्तको कागज गराई तारेखमा राख्नु र दिन नसके प्रतिवादीहरुलाई ऐ. संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा कानूनबमोजिम थुनामा राख्न पठाई दिनु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएको छ। साथै जफततर्फको दावी लिएका सवारी साधन अदालतले खोजेका बखत दाखिल गराउने गरी सुरक्षित राख्न प्रहरी कार्यालयलाई जिम्मा दिनु र दशीका रुपमा बरामद भएका सामानहरू यस अदालतको जिन्सीमा आम्दानी बाँधी सुरक्षित राख्नु। फरार प्रतिवादीहरुका हकमा पक्राउ पुर्जी जारी गरी नियमानुसार गर्नु ।

प्रतिवादीहरु,

टोपबहादुर रायमाझी | बालकृष्ण खाँण | डा. इन्द्रजित राई

टेकनारायण पाण्डे

केशवप्रसाद दुलाल

सानु भण्डारी

...देश शर्मा

...ामश्वर मियाँ

टेककुमार गुरुङ

...ागर राई

...न्दिप रायमाझी

नरेन्द्र के. सी.

...क्रम भन्ने गोविन्द चौधरी

आङटावा शेर्पा

टेकनाथ रिजाल

रामेशरण के. सी.

लक्ष्मी महर्जन

...रिभक्त महर्जन

(प्रेमप्रसाद न्यौपाने)
न्यायाधीश

इति संवत् २०८० साल असार १ गते रोज ६ शुभम्............................................................।